## मनी ट्रान्सफर सेवाहरू

| | | |
|---|---|---|
| IME International Money Express | IMEpay | WESTERN UNION MONEY TRANSFER |
| SAMSARA MONEY TRANSFER | MoneyGram. Money Transfer | himal remit हिमालरेमिट सम्पन्न पार्दैछ जिन्दगी |
| ipay remit | JME REMIT COMPANY | CITY EXPRESS MONEY TRANSFER "पुख्यौली सहकार" |

**लगायतका सम्पूर्ण रेमिट सेवाहरू**

**NTC, NCELL, DISH HOME, SIM TV को रिचार्जको साथै अनलाइन मार्फत विद्युत महसुलको भुक्तानी सेवा**

## App सेवा

- युटिलिटी सेवा
- शेयर, बचत तथा ऋणको स्टेटमेन्ट
- सहकारीबाट बैंकमा पैसा ट्रान्सफर

## SMS सेवा

- बचत जम्मा गर्दा
- बचत फिर्ता गर्दा
- ऋण लिंदा वा तिर्दा






द.नं.: १०३१/०६८/०६९

पान : ६००८७७५०९


"वित्तिय रुपमा सुरक्षित गुणस्तरीय सेवा प्रदायक व्यवसायिक सहकारी संस्था"

# साजिलो बचत तथा ऋण सहकारी संस्था लि.

## SAJILO SAVING & CREDIT CO-OPERATIVE LTD.


**मुख्य कार्यालय:** भरतपुर महानगरपालिका-२३, कृष्णचोक, चितवन

मो.: ९८५५०८२००८, ९८५५०१३००८, ९८५५०१४००८

इमेल : sajilocooperative@gmail.com | वेभसाइट : www.sajilocooperative.com.np

**सदस्य सेवा केन्द्र :** भरतपुर महानगरपालिका-२४, ध्रुवनगर, चितवन

मो.: ९८५५०१५००८





# १४ औं बार्षिक साधारणसभामा प्रस्तुत प्रतिवेदनहरू

२०८२ मङ्सिर ६ गते

## सञ्चालक समिति



श्री देविलाल गौतम
अध्यक्ष



श्री नारायण प्रसाद भण्डारी
उपाध्यक्ष



श्री कर्ण बहादुर विश्वकर्मा
सचिव



श्री मनोज पुडासैनी
कोषाध्यक्ष



श्री सुक देव भट्टराई
सह-सचिव



श्री युवराज गिरी
सदस्य



श्री विम कुमारी वि.क.
सदस्य



श्री रविलाल वि.क.
सदस्य



श्री लिलानाथ देवकोटा
सदस्य



श्री कृष्मा कुमारी गौतम
सदस्य



श्री सिर्जना सुनार
सदस्य

## लेखा सुपरिवेक्षण समिति



श्री शम्भुराज भट्ट
संयोजक



श्री विकास थापा
सदस्य



श्री जीवन कुमार खड्का
सदस्य

## पूर्व अध्यक्षहरु



श्री तोयानाथ पौडेल
संस्थापक अध्यक्ष



श्री कृष्णश्याम गिरी
पूर्व अध्यक्ष



श्री मिनबहादुर परियार
पूर्व अध्यक्ष

# बचत सेवा बारे जानकारी

## आवधिक (मुद्दती) बचत योजना

**न्यूनतम मौज्दात**: रु. १०,०००।-

**उद्देश्यहरु**:

मूल बचत रकम खर्च नहुने गरेर ब्याज मात्र प्राप्त गर्ने ।

**विशेषताहरु**:

- खाता खोल्न संस्थाको शेयर सदस्य हुनुपर्ने ।
- खाता खोल्न न्यूनतम रु. १०००० आवश्यक पर्ने ।
- ६ महिना, ९ महिना, १ वर्ष र २ वर्ष भन्दा माथिको बचत गर्न सकिने ।
- आवधिक बचतमा रहेको रकमको ७५ प्रतिशतसम्म ऋणस्वरुप लान सकिने ।

## पर्व बचत योजना

**न्यूनतम मौज्दात** : रु. ०।-

**उद्देश्यहरु**:

- चाडपर्व राम्रोसँग मनाउन गरिने बचत

**विशेषताहरु**:

- आवश्यकता अनुसार घरमै गई खाता खोलिदिने ।
- खाता खोल्न न्यूनतम रु. १००० आवश्यक पर्ने ।
- चाड मनाउनको लागि ७५ प्रतिशत बचत फिर्ता लान मिल्ने ।

## नारी बचत योजना

**न्यूनतम मौज्दात**: रु. ५००।-

**उद्देश्यहरु** :

- घर धान्नेहरुले थोरै थोरै बचत गरेर अचानक कुनैबेला गर्जो टार्नको लागि आवश्यक रकम जतिखेर पनि झिक्न मिल्ने गरी राखिने बचत ।

**विशेषताहरु**:

- महिला शेयर सदस्यहरुलाई निशुल्क बचत खाता खोलिने ।
- निशुल्क चेक र मोबाइल एप ।
- महिला व्यवसायीको लागि अभिमुखीकरण तथा परामर्श सेवा । अधिक ब्याज ।

## सजिलो बचत योजना

**न्यूनतम मौज्दात**: रु. १०,०००।-

**उद्देश्यहरु**:

- घर खर्च, पकेट खर्च, आकस्मिक खर्च आदि व्यवस्थापनको लागि राख्न झिक्न मिल्ने तर कारोबार बचतभन्दा अलि धेरै ब्याज आउने बचत खाता ।

**विशेषताहरु**:

- निशुल्क एसएमएस/मोबाइल बैंकिङ सुविधा ।
- १० हजारभन्दा बढि बचत राख्न सकिने ।

## क्रमिक बचत योजना

**न्यूनतम मौज्दात**: रु. २००।-

**उद्देश्यहरु**:

कुनै सरसामान खरिद गर्न क्रमशः बचत गर्ने ।

**विशेषताहरु**:

- खाता खोल्न संस्थाको शेयर सदस्य हुनुपर्ने, खाता खोल्न कुनै शुल्क नलाग्ने, आवश्यकता अनुसार घरमै गई खाता खोलिदिने, खाता खोल्न न्यूनतम रु. २०० आवश्यक पर्ने, समय र रकम तोकी बचत जम्मा गर्ने, दैनिक, साप्ताहिक र मासिक बचत गर्न सकिने, पुनः सञ्चालन हुने ।

## ऐच्छिक बचत योजना

**न्यूनतम मौज्दात** : रु. १०००।-

**उद्देश्यहरु**:

- दैनिक कारोबार सञ्चालन गर्नको लागि ।
- ऋणको किस्ता तिर्नको लागि ।

**विशेषताहरु**:

- शेयर सदस्यता बन्दैको दिनमा निशुल्क बचत खाता खोलिने ।
- निशुल्क चेक (भुक्तानी पुर्जा) बुक । साथै निशुल्क मोबाइल एप ।
- व्यवसाय प्रवर्द्धनको लागि अभिमुखीकरण तथा परामर्श सेवा ।
- ब्याज दर समय अनुसार परिवर्तन हुने र ६/६ महिनामा ब्याज भुक्तानी गरिने ।

## बाल बचत योजना

**न्यूनतम मौज्दात** : रु. ०।-

**उद्देश्यहरु**:

- बालबालिकाहरुलाई असल संस्कार सिकाउने ।
- सानैदेखि बचत गर्ने बानीको विकास गर्ने ।
- भविष्यसम्म पनि रकम सहि काममा सदुपयोग गर्न प्रेरित गर्ने ।
- परिवारका अन्य सदस्यहरुले उपहारको रुपमा दिएको पैसा जम्मा गर्न सक्ने ।
- भविष्यमा संस्थाको असल सदस्यमा रुपान्तरण गर्ने ।
- बाल बचतकर्ताले आफ्नो क्षमता प्रदर्शन गर्ने अवसर प्राप्त गर्ने ।

**विशेषताहरु**:

- सदस्यले आफ्ना सन्ततिको बाल बचत खाता निशुल्क खोल्न सक्ने ।
- बचतकर्ताको उच्च शिक्षा तथा जटिल स्वास्थ्यमा खर्च गर्न आवश्यक भएमा मात्र झिक्न सकिने ।
- नागरिकता बनेपछि मात्र सम्पूर्ण बचत रकम झिक्न सकिने ।
- १६ वर्ष पुगेपछि प्रवेश शुल्क छुटमा सदस्य बन्न सकिने ।
- बाल बचतकर्ताको जन्मदिनको दिन संस्थामा आई जन्मदिनको उपहार लिन सकिने ।
- बाल प्रतिभा प्रोत्साहन कार्यक्रममा भाग लिन पाइने ।
- ब्याज दर समय अनुसार परिवर्तन हुने र ३/३ महिनामा ब्याज भुक्तानी गरिने ।

## दैनिक बचत योजना

**न्यूनतम मौज्दात** : रु. ७००।-

**उद्देश्यहरु**:

कुनै पनि पसलेवालाहरुले आफ्नो व्यापारमा उठेको रकम दैनिकीमा बचत गर्ने र कुनै साहुलाई तिर्न परेमा भुक्तानी पुर्जा मार्फत तिर्न सकियोस भनी सञ्चित गरिने बचत ।

**विशेषताहरु**:

- शेयर सदस्यलाई निशुल्क बचत खाता खोलिने ।
- पसलमा नै संकलन र भुक्तानीको सुविधा ।
- सदस्यको अगाडि नै सफ्टवेयर सिष्टममा इन्ट्री ।
- ब्याज दर समय अनुसार परिवर्तन हुने र ६/६ महिनामा ब्याज भुक्तानी गरिने ।

द.नं. १०३१/०६८/०६९
"वित्तीय रुपमा सुरक्षीत गुणस्तरीय सेवा प्रदार्यक व्यवसायीक सहकारी संस्था"
सजिलो बचत तथा ऋण सहकारी संस्था लि.
Sajilo Saving & Credit Co-operative Ltd.
भरतपुर महानगरपालिका-२३,कृष्णचोक, चितवन

श्री सम्पूर्ण शेयर सदस्यज्यूहरु,

**विषयः १४ औं वार्षिक साधारणसभामा उपस्थित हुने सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा यस सजिलो बचत तथा ऋण सहकारी संस्था लि.को संचालक समितिको मिति २०८२ कार्तिक १६ गते बैठकको निर्णय अनुसार गत मिति २०८२ असोज ६ गते सुचना गरीएता पनि विविध कारणले साधारण सभाको मिति सारिएकोमा देहाय बमोजिमका प्रस्तावहरुमा छलफल गरी निर्णय तथा पारित गर्नका लागी निम्न मिति, समय र स्थानमा तपशिलको तालिका बमोजिम संस्थाको १४ औं वार्षिक साधारणसभा सम्पन्न गरिने भएकाले अनिवार्य उपस्थितिको लागि सम्पूर्ण सदस्यज्यूहरुमा हार्दिक अनुरोध गर्दछौ।

**तपशिल**

मिति : २०८२ मंसिर ०६ गते

समय : बिहान १० बजेदेखी ५ बजेसम्म

स्थान : श्री सरस्वती मा.वि. मधुपुरीको प्राङ्गण

**प्रस्तावहरु :**

१) आ.व.२०८१/०८२ को बार्षीक प्रगती प्रतिवेदन उपर छलफल गरी पारीत गर्ने सम्बन्धमा।

२) आ.व.२०८१/०८२ को बार्षीक लेखा परिक्षण प्रतिवेदन अनुमोदन संबन्धमा।

३) आ.व.२०८२/०८३ को बार्षिक निति तथा कार्यक्रम र बजेट पारीत गर्ने संम्बन्धमा।

४) आ.व.२०८२/०८३ को लेखा परिक्षक नियुक्ती र निजको पारिश्रमिक निर्धारण सम्बन्धमा।

५) लाभांस वितरण सम्बन्धमा।

६) साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्ने प्रतिनिधि चयन संबन्धमा।

७) दायित्व स्वीकार सम्बन्धमा।

८) संस्थाको विनियम तथा आन्तरीक कार्यविधि संसोधन संम्बन्धमा।

९) विविध।

**पुनश्चः**

- यदि तपाईका छोरा छोरी SEE परीक्षा-२०८१ मा सहभागी भई उर्त्तीण भएका छन् भने सम्मानको दाबी गर्न निवेदन सहित उनीहरुको लब्धाङ्क पत्रको प्रमाणित प्रतिलिपि कार्यालयमा २०८२ मंसिर ४ गतेभित्र उपलब्ध गराईदिनु होला।
- संस्थाबाट दिइने सहुलियतका लागि नियमित मासिक वचत भएको तथा ऋणको भाखा ननाघेको हुनु पर्नेछ।

**देविलाल गौतम**
(अध्यक्ष)

**संस्थापक अध्यक्ष**

श्री तोयानाथ पौडेल ९८४५२१०२५६

**सल्लाहकार समिति**

श्री मिन बहादुर परियार ९८५५०८६५२९
श्री कृष्ण श्याम गिरी ९८४५१५०२४९
श्री हुमनाथ गौतम ९८४५६५३०८३
श्री बलराम सापकोटा ९८४५२४८३९३
श्री बुद्धिनाथ बराल ९८५५०५८५२७
श्री भोला नाथ गौतम ९८४५१९५७५६
श्री नवराज पोखेल ९८४५०८६४००

**ऋण उप-समिति**

संयोजक श्री नारायण प्रसाद भण्डारी ९८५५०५०९२५
सदस्य श्री प्रकाश पुडासैनी ९८५५०५४५३८
सदस्य श्री कुल बहादुर बस्नेत ९८६८६०१८८०

**शिक्षा उप-समिति**

संयोजक श्री रविलाल विश्वकर्मा ९८५५०५९०७५
सदस्य श्री राजेन्द्र पोखेल ९८५५०५०९६७
सदस्य श्री इन्द्र बहादुर वि.क. ९८४५२७७८६९

**लघु वित्त कार्यक्रम सञ्चालन उप-समिति**

संयोजक श्री शुकदेव भट्टराई ९८४४९६७२१८
सदस्य श्री नारायणदत्त गौतम ९८४५३३२४५८
सदस्य श्री विकास थापा ९८४५१८१६४१

**महिला समन्वय उप-समिति**

संयोजक श्री कुस्मा कुमारी गौतम ९८६९६९७६२३
सदस्य श्री सानुमाया ढकाल ढुङ्गाना ९८४५९४१४१२
सदस्य श्री लक्ष्मी विटालु ९८४५२४५६८२
सदस्य श्री प्रभा आचार्य ९८४५३९०६८१
सदस्य श्री लिला सुवेदी ९८४५१५५९६१

**संस्था विकास उप-समिति**

संयोजक श्री भिमसेन महत ९८४५२०१५५८
सदस्य श्री दुर्गा बहादुर कुँवर ९८४३१२२६१३
सदस्य श्री बुद्धि बहादुर तामाङ ९८४५९५५८२३

**अनुगमन तथा मूल्याङ्कन उप-समिति**

संयोजक श्री राम बहादुर कुँवर ९८४५८०६०४५
सदस्य श्री टिकाराम कुँवर ९८४५८०७६६१
सदस्य श्री केदारनाथ सापकोटा ९८०२९१०७०७

**सेवा केन्द्र व्यवस्थापन उप-समिति**

संयोजक श्री लिलानाथ देवकोटा ९८४५५५९५५१
सदस्य श्री आइत बहादुर बल ९८४५१५५२५४
सदस्य श्री शुकमाया तामाङ ९८१७२९५११९
सदस्य श्री कृष्णबहादुर गोदार ९८४५०८०३०६
सदस्य श्री रामबहादुर थापा ९८१११०१७१४

**कर्मचारीहरु**

व्यवस्थापक : श्री सुरेश पौडेल ९८४५१४५११९
ऋण सहायक : श्री सविता भण्डारी ९८४५५९५८९८
ध्रुव सेवा केन्द्र सहायक : श्री उर्मिला अस्लामी ९८१२२००८९५
लेख सहायक : श्री विष्णु माया घलान ९८६४१२५६३७
बजार प्रतिनिधि : श्री कृष्ण बहादुर लो ९८१७२०६४४१
बजार प्रतिनिधि : श्री लक्ष्मी खनाल ९८६५००२८८८
कार्यालय सहयोगी : श्री पूर्णिमा विश्वकर्मा ९८२३४७०४४७

# अध्यक्षको भनाइ



**देवीलाल गौतम**
अध्यक्ष
सजिलो बचत तथा ऋण सहकारी संस्था लि., भरतपुर-२३

सजिलो बचत तथा ऋण सहकारी संस्था लि. भरतपुर-२३, कृष्णचोकको गरिमामय १४ औं वार्षिक साधारण सभामा उपस्थित हुनुभएका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्यूहरु, स्थापनाकालदेखि हालसम्मका सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, विभिन्न उपसमितिहरु, शेयर सदस्यज्यूहरु, कर्मचारीहरु एवं उपस्थित महानुभावहरु सबैमा सजिलो साकोसको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट सहकारी अभिवादन।

संस्थाको ११ औं वार्षिक साधारण सभा तथा ५ औं अधिवेशनबाट मेरो नेतृत्वमा ४ वर्षका लागि सञ्चालक समिति सर्वसम्मत रुपमा निर्वाचित भएपछि यो तीन आ.व. मा संस्थालाई यो विषम परिस्थितिमा पनि साथ, सहयोग दिनुभएकोमा सबै सबैमा हार्दिक आभार व्यक्त गर्दछु। २०६९।०३।११ गते स्थापना गरिएको यस संस्था आजसम्म आइपुग्दा १९५४ जना शेयर सदस्यका बीच कूल सम्पत्ति रु. २१,४५,२३,६९२/- बनाएर कारोबार गर्दै आइरहेका छौँ। यस क्षेत्रका न्यून एवं मध्यमस्तरका सदस्यहरुबाट बचत संकलन गरी उनीहरुकै आर्थिक उन्नयनमा विशेष योगदान पुऱ्याउँदै आएको यस संस्था कोरोनापछिको विश्वव्यापी आर्थिक मन्दीसँगै संघर्ष गर्दै आफूलाई सबल बनाउँदै आइरहेको व्यहोरा अवगत गराउँदछु। हाम्रो संस्थाको दिगो विकासका निम्ति प्रोवेशन कार्यक्रममा सहभागी हुँदै समुदायमा आधारित रहेर सञ्चालित यस संस्थामा कुनै पनि आर्थिक संकट आउन नदिन मेरो संचालक र कर्मचारी टिम हरपल सचेत हुँदै कार्यरत रहेको पनि जानकारी गराउँदछु। केहि सहकारीहरुमा समस्या देखिए तापनि हाम्रो यस संस्थामा कुनै पनि संकट नआएको व्यहोरा पनि जानकारी गराउँदछु।

सहकारी ऐन, नियमावली, संस्थाको विनियम, नीति, कार्यविधि, निर्देशिका भित्र रहेर संस्था सञ्चालन गर्रिंदै आइएको छ। सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई ढुक्क भएर संस्थामा बचत गर्न, कर्जा लिन लिएको कर्जाको किस्ता र ब्याज समयमा नै चुक्ता गरी असल शेयर सदस्य बन्नु हुन हार्दिक अनुरोध गर्दछु।

सहकारी के हो ? सहकारीमा सदस्यले गर्ने व्यवहार कस्तो हुनुपर्छ? ऋणीहरुले आफूलाई नियमित कसरी बनाउने, ऋणले उत्पादन र आयआर्जनमा कसरी वृद्धि गर्न सकिन्छ? संस्थाले त्यसको प्राविधिक पक्षको व्यवस्थापनमा कसरी ध्यान पुऱ्याउने, समुदायको बचत आम्दानीलाई संस्थामा आकर्षित कसरी गर्ने र निक्षेप र लगानीबाट आम्दानी र खर्चमा सन्तुलन कायम गरी सदस्यहरुको कसरी अधिकतम हित गर्ने र संस्थालाई सफल दिगो संस्था कसरी बनाउने तिर हामी सबैको ध्यान तत्काल पुऱ्याउनु पर्ने देखिन्छ।

अन्त्यमा सम्मानित हुनुहुने सम्पूर्ण व्यक्तिहरुलाई हार्दिक बधाई ज्ञापन गर्दै आजको १४ औं वार्षिक साधारण सभा भव्य र सभ्य रुपमा सम्पन्न गर्न सहयोग गर्नुहुने उपसमिति एवं कर्मचारी लगायत सम्पूर्णमा हार्दिक धन्यवाद व्यक्त गर्दछु। धन्यवाद !

जय सहकारी, जय सजिलो !

# शुभकामना मन्तव्य



**नारायणप्रसाद भण्डारी**
उपाध्यक्ष

यस सजिलो बचत तथा ऋण सहकारी संस्था लि. को १४ औं साधारण सभाका श्रद्धेय सभाध्यक्ष महोदय, कार्यक्रमका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्यू, संचालक समितिका पदाधिकारीज्यूहरु, लेखा सुपरिवेक्षण समिति, सल्लाहकार समिति, विभिन्न उपसमितिका संयोजक एवम् सदस्य साथीहरु, संस्थापक अध्यक्षज्यू, संस्थाका व्यवस्थापक तथा कर्मचारीहरु एवं पत्रकारज्यूहरु साथै यस गरिमामय साधारण सभामा उपस्थित आदरणीय शेयरधनी सदस्यज्यूहरु सर्वप्रथम संस्थाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट सहकारी नमस्कार टक्र्याउदै स्वागत गर्दछु।

यस संस्थाले शेयर सदस्यहरुलाई प्रमुख प्राथमिकतामा राखी सेवाको उत्पादन गर्दै सेवा प्रदान गरी अधिकतम सेवा सुविधा उपलब्ध गराएर संस्थालाई दर्बिलो बनाउँदै लगेको सन्दर्भमा विगत वर्षहरुमा झैं यस वर्ष पनि सभ्य एवं भव्य रुपमा साधारण सभा सम्पन्न गर्ने लक्ष्य र उद्देश्य साथ हामी यहाँ भेला भएका छौं। संस्थाको विभिन्न गतिविधिमा सरिक भई संस्थालाई मार्ग निर्देशन गर्दै आउनुभएका सम्पूर्ण शेयर सदस्य महानुभावहरुले आगामी दिनमा पनि यसै अनुरुप सल्लाह, सुझाव दिनुहुनेछ भन्ने विश्वास लिएको छु।

कोरोनाले थिलथिलो भएर उठ्नै नसकेको आर्थिक क्रियाकलाप पुनः जुर्मुराउँदै गरेको अवस्थामा पुनः विश्वव्यापी आर्थिक मन्दी देखा परेको र सो मन्दीले सम्पूर्ण क्षेत्रलाई आक्रान्त पारेको छ। यस्तो अवस्थामा पनि हामीले हाम्रो संस्थालाई चुस्त, दुरुस्त एवं क्रियाशिल तरिकाले अघि बढाउनु परेको छ।
धन्यवाद ! जय सहकारी ! जय सजिलो !

## मोबाइल एप्स कसरी प्रयोग गर्ने ?

१. Playstore मा Sajilo Saccos खोज्ने र Install गर्ने।
२. त्यसपछि New Register मा जानुहोला।
३. तपाईको सदस्य नं. (Membership No.) मा र संस्थामा दर्ता भएको मोबाइल नं. (Mobile No.) मा राख्नुहोस्। दुवै ठीक भएपछि भने तपाईलाई Username प्राप्त हुन्छ, जसमा एउटा Capital Letter एउटा Number एउटा Small letter र एउटा Specila Character हुन अनिवार्य छ। जस्तै : 2019@Hari
४. त्यसपछि सजिलो सहकारीमा गई एप्सलाई एक्टिभ गर्नुहोस्।

# सजिलो बचत तथा ऋण सहकारी संस्था लि.को १४ औँ वार्षिक साधारणसभामा

# सचिवको प्रगति प्रतिवेदन



**कर्णबहादुर विश्वकर्मा**
सचिव

यस सजिलो बचत तथा ऋण सहकारी संस्था लि. भरतपुर-२३ कृष्णचोक, चितवन को १४ औं साधारण सभा कार्यक्रमका सभाध्यक्ष एवम् यस संस्थाका संचालक समितिका श्रद्धेय अध्यक्ष श्री देविलाल गौतमज्यू, कार्यक्रमका प्रमुख अतिथिका रुपमा आसन ग्रहण गर्नु हुनेज्यू, विशिष्ट अतिथिज्यू, एवम् संस्थाका संस्थापक अध्यक्षज्यू, पुर्व अध्यक्षज्यू, निवर्तमान अध्यक्ष तथा सल्लाहाकार समितिका संयोजकज्यू, संचालक समितिका पदाधिकारी एवम् सदस्यज्यूहरु, लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरु, सल्लाहकार समितिका आदारणीय अग्रज सदस्यज्यूहरु, ऋण उप-समिति, शिक्षा विकास उप-समिति, अनुगमन तथा मूल्यांकन उप-समिति, महिला समन्वय उप-समिति, संस्था विकास उप-समिति, सेवाकेन्द्र ब्यवस्थापन उप-समिति, लघुवित्त कार्यक्रम संचालन उप-समितिका संयोजक एवम् सदस्यज्यूहरु, संस्थाका मालिक सम्पूर्ण शेयरधनी महानुभावज्यूहरु, संस्थाका व्यवस्थापक तथा कर्मचारी मित्रहरु सबैलाई यस ग्रामिण स्थानमा रहेको वित्तीय संस्था सजिलो साकोसको तर्फबाट धन्यवाद ब्यक्त गर्न चाहन्छु।

समाजमा छरिएर रहेको स-साना पुँजिहरुलाई एकत्रित गरी सदस्यहरुको गर्जो टार्ने प्रयास स्वरुप परिचालन भइरहेको र सरकारको तीन खम्बे अर्थ नीति अनुसार सहकारी पनि आर्थिक मेरुदण्डको अवयव भएको ब्यहोरा अवगत गराउन चाहान्छु। बचत तथा ऋणको यथोचित परिचालन गर्दै गरिवी न्यूनिकरणको प्रयासमा सहकारी संस्था स्थापनाको एउटा नयाँ श्रृङ्खलाको रुपमा यस अवस्थासम्म सजिलो साकोसलाई ल्याउन अथक परिश्रम गर्नु संस्थाका सम्पूर्ण शेयरज्यूहरुलाई र अग्रजहरुलाई हृदयदेखि नै हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु।

चितवन जिल्लालाई कार्यक्षेत्र मानी वि.सं. २०६९ साल असार ११ गतेबाट पश्चिम चितवनको हाल भरतपुर महानगरपालिका-२३ को कृष्णचोकमा कार्यालय रहने गरी जन एकता हित कोषलाई सजिलो साकोसमा रूपान्तरण गर्ने काम यसै क्षेत्रका बौद्धिक,सामाजिक एबम शैक्षिक व्यक्तित्व श्री तोयनाथ पौडेल समेतको र हजुर शेयर साथिहरुको अगुवाइ र पहलमा चर्को ब्याज बाट मुक्त हुन आर्थिक एकाधिकारको बर्चश्वलाई सिमित गराउँदै आफ्नो समुदायमा रहेको पुँजिलाइ एकत्रित र केंद्रित गरि मुनाफा बृद्धि गर्दै लाभ प्रदान गर्न र हरेक आर्थिक समस्यामा व्यक्तिको घरमा गई हार गुहार गर्नु पर्ने बाध्यतालाई अन्त्य गर्दै आफ्नो रकमको उपयोग र सदुपयोग आफै गर्ने, विना बिचौलिया भाइचारा कायम गर्दै सामाजिक अर्थ व्यवस्था कायम गरी गैर नाफामुलक संस्थाको रुपमा यस सजिलो बचत तथा ऋण सहकारी संस्था लि. सञ्चालन गर्दै आएको व्यहोरा स्मरण गराउन चाहान्छु।

आदरणीय सेयर सदस्य मित्रहरु,

समान आर्थिक, सामाजिक तथा साँस्कृतिक आवश्यकता तथा इच्छाहरुमा संयुक्त स्वामित्व र प्रजातान्त्रिक तवरले नियंत्रण गरी उद्दमशिलताको माध्यमबाट पुरा गर्ने स्वइच्छापूर्वक संगठित ब्याक्तिहरुको स्वायत्त संगठन नै सहकारी हो। सहकार्य नै सहकारी हो। गैर नाफामूलक आफु र एकअर्कालाई सहयोग गर्ने विशेषता बोकेको हुनाले यसको मूल्य मान्यता र सिद्धांन्तहरु यसै अनुसार परिचालित हुने समेत स्मरण गराउन चाहान्छु।

आदरणीय सेयर सदस्य साथीहरु,

अब म यस संस्थाले आर्थिक वर्ष २०८१/०८२ मा अर्थात यो संचालक समितिले विभिन्न पटक गरी २२ वटा बैठक बसी बिभिन्न प्रस्तावहरु माथि गहन छलफल गरि गरेका महत्वपूर्ण निर्णय र कार्यहरुको बारेमा संक्षिप्त रुपमा अवगत गराउने अनुमति चाहान्छु।

१. **संस्थाको संक्षिप्त परिचय**

- दर्ता नं. :१०३१
- दर्ता मितिः २०६९।०३।११
- पान नं.६००८७७५०९
- स्थापनाकालिन सदस्यः ४५ जना
- दर्ता गर्ने निकायः सहकारी प्रशिक्षण तथा डिभिजनकार्यालय,चितवन
- दर्ता गर्ने अधिकारीः श्रीबलराम निरौला
- औपचारिक उद्धाटनः २०६९।०६।०६
- प्रधान कार्यालयः भरतपुर-२३, कृष्णचोक,चितवन
- सेवा केन्द्रः ध्रुब बजार, भरतपुर- २४
- तदर्थ संचालक समिति संख्या : ९जना

  अध्यक्षः श्री तोयनाथ पौडेल
  उपाध्यक्षः श्री देविलाल गौतम
  सचिवः श्री हुमनाथ गौतम
  कोषाध्यक्षः श्री युवराज गिरि
  सह-सचिव : श्री दिलिप न्यौपाने
  सदस्यः श्री बलराम सापकोटा
  सदस्यः श्री नारायण प्रसाद भण्डारि
  सदस्यः श्री गंगा खड्का

सदस्यः श्री प्रेमकुमारी अस्लामी

लेखा सुपरिवेक्षण समिति संयोजकः श्री लिलानाथ न्यौपाने

सदस्यः श्री दामोदर बराल

सदस्यः श्री नवराज पोखेल

२. **संस्थाको आवद्धताः**

चितवन जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

नेपाल बचत तथा ऋण केंद्रिय सहकारी संघ लि. (नेफ्स्कुन)

राष्ट्रिय सहकारी बैंक लि. (NCBL)

जिल्ला सहकारी बैंक, चितवन

बागमति प्रदेश बचत तथा ऋण सहकारी संघ लिमिटेड

३. **कार्यक्षेत्रको संक्षिप्त परिचयः**

सुरुका दिनहरुमा साबिक जगतपुर गा.बि.स., पार्वतिपुर गा.बि.स. र शुक्रनगर गा.बि.स. का वार्ड नं. १, २, ३ मात्ररहेकोमा हाल भरतपुर महानगर पालिका भित्रका १२ वटा वार्डहरु। (६, १३, १४, १५, २०, २१, २२, २३, २४, २५, २६ र २७)

आदरणीय सेयर सदस्यज्युहरु,

संस्थाले आज नीति, विधि र प्रविधि निर्माण गरी अगाडि बढ्ने जमर्को गरेको छ। हामीले गत साधारण सभामा अपेक्षा गरेको लक्ष्य एवं योजनाहरु केही पुरा गरेका छौं र कतिपय योजना पुरा गर्ने क्रममा छौं।

आदरणीय सेयर सदस्यज्युहरु

असार मसान्तसम्म यस संस्थामा आबद्ध सदस्य संख्यामा १९५४ जना (महिला १२२० र पुरुष ७३४) रहेकोमा शेयर पुँजी २,५९,००,८००/- कुल बचत १६,३१,४७,८८१/- ऋण लगानी १५,१४,१०,७६५/- रहेको छ। यस साकोसमा हाल ७ जना कर्मचारी कार्यरत छन्। यस सहकारीले २०७६ बैशाख २५ गतेबाट भरतपुर-२४, ध्रुबनगर बजारमा शेयर सदस्य सेवा केन्द्र बिस्तार गरेको हो।

संस्थाको १४ औं साधारणसभाबाट सर्वसम्मत रुपमा निर्वाचित श्री देविलाल गौतमज्युको अध्यक्षतामा गठित यस संचालक समितिले यहाँहरुको सहयोग तथा अध्यक्षज्युको प्रेरणादायी गतिशिल नेतृत्वमा संस्थाको उन्नति र प्रगति एवं ख्यातिको श्रीवृद्धिमा अविचलित भई कार्यसम्पादन गरेको भनी यस ओजपूर्ण सभालाई अबगत गराउन पाउँदा सारै खुसी लागेको छ।

आदरणीय सभाध्यक्षज्यू संस्थाद्वारा यस १३ औं वार्षिक साधारण सभापछि सम्पादन भएका महत्वपूर्ण निर्णयहरु र कार्ययोजनालाई संक्षिप्त रुपमा प्रस्तुत गर्दछु।

सञ्चालक समितिको बैठकमा सदस्यहरुको उपस्थिति बैठक संख्या २२ वटा मध्ये १२ वटा नियमित १० वटा विशेष बैठक बसेको थियो ।

| पद | नाम | बैठक संख्या | उपस्थित संख्या | कैफियत |
|---|---|---|---|---|
| अध्यक्ष | देविलाल गौतम | २२ | २२ | |
| उपाध्यक्ष | नारायण प्रसाद भण्डारी | २२ | १७ | |
| सचिव | कर्ण बहादुर विश्वकर्मा | २२ | २० | |
| कोषाध्यक्ष | मनोज पुडासैनी | २२ | २० | |
| सहसचिव | सुकदेव भट्टराई | २२ | १९ | |
| सदस्य | युवराज गिरी | २२ | १६ | |
| सदस्य | विम कुमारी वि.क. | २२ | २ | बिमारी |
| सदस्य | रविलाल वि.क. | २२ | २० | |
| सदस्य | लिलानाथ देवकोटा | २२ | २१ | |
| सदस्य | कुष्मा कुमारी गौतम | २२ | १९ | |
| सदस्य | सिर्जना सुनार | २२ | १६ | |

आदारणिय शेयर सदस्य ज्युहरु,

हाल यस संस्थामा कार्यरत कर्मचारी साथिहरुको विवरण यस प्रकार रहेको जानकारी गराउन चाहान्छु ।

| सि.नं. | पद | नाम थर | कैफियत |
|---|---|---|---|
| १. | व्यबस्थापक | श्री सुरेस पौडेल | |
| २. | ऋण सहायक | श्री सबिता भण्डारी | |
| ३. | बजार सहायक | श्री उर्मिला अस्लामि | धुव्र सेवा केन्द्र |
| ४. | जनसम्पर्क सहायक | श्री बिष्णु कुमारी घलान | टेलर्स |
| ५. | बजार प्रतिनिधि | श्री कृष्ण बहादुर लो | |
| ६. | बजार प्रतिनिधि | श्री लक्ष्मि खनाल | |
| ७. | | श्री पुर्णिमा बि.क | रिसेप्सनिष्ट |

## महत्वपूर्ण निर्णय एवं कार्यहरू

आदरणीय शेयरधनी महानुभावहरु अब मैले आर्थिक वर्ष २०८१/०८२ मा संचालक समितिबाट भएका महत्वपूर्ण निर्णयहरु यहाँहरुसमक्ष राख्ने अनुमति चाहन्छु ।

**६ श्रावन २०८१**

- पुरानो कार्यालय हस्तान्तरण कार्यदल गठन गरी सम्झौता बमोजिमको भवन पुनः निर्माण गर्ने ।
- प्रभु म्यानेजमेण्टबाट पाउनुपर्ने भुक्तानी रकम पाउनको लागि काठमाडौं ताकेता गर्नका लागि अध्यक्ष ज्यू लाई अख्तीयारी प्रदान गर्ने ।
- संस्थाका गतिविधि तथा कार्यक्रमको बारेमा बजारमा विविध छलफल  गर्नुपर्ने गरी  विविध पक्षलाई समेटी सामुदाय सँग सजिलो कार्याक्रमको प्रतिकृया र गुनासो सुनुवाई कार्यक्रम गर्ने कार्यदल गठन गर्ने ।
  संयोजक : श्री कर्ण बहादुर विश्वकर्मा
  सदस्य : श्री लिलानाथ देवकोटा
  सदस्य : श्री युवराज गिरी

**८ भाद्र २०८१**

- सस्थाको १३ औं बार्षिक साधारण सभा गर्नका लागि मिति २०८१ अशोज १२ गते शनिवार सरस्वती मा.वि मधुपुरी मा बिहान १०:०० बजे देखि गर्ने गरी सबै सदस्यहरुलाई सुचना सार्वजनिक गर्ने ।
- सस्थाको १३ औं बार्षिक साधारण सभाको पूर्व संन्ध्यामा संचालक समिति, लेखा समिति, सल्लाहकार सहित अन्य उपसमिति को सयुक्त बैठक मिति २०८१ भाद्र २९ गते संस्थाको बैठक हलमा बिहान ११:०० बजे देखि गर्ने गरी सबै सल्लाहकार र उपसमितिहरुलाई सुचना सार्वजनिक गर्ने ।
- संस्थाको फर्निचर तथा अन्य कवाडी सामाग्रिहरु संस्थाको परीसरमा रहेकाले अनावश्यक सामाग्रिहरुलाई छर्नोट गरी लिलाम बिक्री गर्नका लागि तपशिल कवाडी सामाग्रि बिक्रि कार्यदल लाई जिम्मा दिने ।
  तपशिल
  संयोजक : श्री लिलानाथ देवकोटा
  सदस्य : श्री रविलाल विश्वकर्मा
  सदस्य : श्री सिर्जना सुनार
- संस्था बार्षिक योजना तथा  कार्यक्रम अनुरुप महिला सदस्यहरुका लागि तीज विशेष कार्यक्रम गर्नका लागि बार्षिक बजेट अनुरुप मिति २०८१ भाद्र महिना १५ गते शनिवार गर्नका लागि महिला समन्वय उपसमिति संयोजक श्री कुस्मा कुमारी गौतम सहित सदस्यहरु तथा संचालक सदस्य श्री सिर्जना सुनार र श्री विम कुमारी वि.क लाई जिम्मेवार दिने ।

**८ असोज २०८१**

- सस्थाको १३ औं बार्षिक साधारण सभा गर्नका लागि विभिन्न कार्यदल लाई दिइएको जिम्बेवारी अनुसार उक्त कार्यदलबाट हाल सम्म भएकाले कार्य प्रगति विवरण पेश गरीयो साथै संस्थाका अध्यक्ष , उपाध्यक्ष र सचिव ज्यूहरु लाई भरतपुर महानगरपालिका प्रमुख वा उप-प्रमुख वा जेष्ठ शेयर सदस्य मध्य एक जना छर्नोट गर्न जिम्बेवारी दिने ।
- सस्थाको मिति २०८१ भाद्र १५ गते भएको तीज विशेष कार्यक्रमका संयोजक श्री कुश्मा कुमारी गौतमज्यूले पेश गर्नु भएको तीज विशेष कार्यक्रममा भएका तपशिल बमोजिको खर्चहरु गरी जम्मा रु ४६,२३५/- (अक्षेरुपि छ्यालिस हजार दुई सय पैतीस रुपैया मात्र) अनुमोदन गर्ने ।
- आ.व. २०८०/०८१ बमोजिम नै कर्मचारीको तलबमान यथावत यस आ.व.मा वृद्धि नगर्ने ।
- महिला उपसमितिमा र संचालक समितिमा रहनु भएका महिला सदस्यहरुलाई नौ थान ड्रेस रु ६००/- का दरले रहने खरिद गर्ने ।

**६ कार्तिक २०८१**

- संस्थाले प्रोर्वेशन कार्यक्रम निरन्तर गर्नका लागि पुनः सम्झौता गर्ने ।
- लक्ष्मी पुजाको दिनमा शुभकामना आदान प्रदान कार्यक्रम गर्ने ।
- १३ औं बार्षिक साधारण सभाको समापन गर्ने सबै पक्षहरुलाई धन्यवाद गर्दै साधारण सभामा भएको खर्च रु.९,५०,६०४/- (अक्षेरुपि नौ लाख पचास हजार छ सय चार रुपैया ) अनुमोदन गर्ने ।

**६ मंसिर २०८१**

- तरलता अधिक भई वित्तीय बजारमा सबै संघ संस्थाले बचत तथा ऋणको ब्याजदर समायोजन गरीएकाले हाम्रो संस्थामा पनि वित्तिय बजार र वरपरीका संस्थाका हेरी बचत तथा ऋणको भार हेरी बचत तथा ऋणको व्याजदर समायोजन गर्ने ।
- संस्थाको भाखा नाघेका ऋण असुलिका लागि असुलि कार्यदलले निम्न लिखित कार्य गर्ने गरी तपशिल बमोजिम गठन गर्ने ।
  - १) भाखा नाघेका सदस्यहरुको भुक्तानी अवस्था विश्लेषण गर्ने ।
  - २) भाखा नाघेका सदस्यलाई मंसिर १५ गते भित्र भेटघाट गरी प्रतिवेदन तयार गर्ने ।
  - ३) भाखा नाघेका सदस्य लाई कति दिन भाखा माग हुन्छ सो विवरण संचालक समितिको बैठकको पुष महिनाको नियमित बैठकमा पेश गर्ने ।
  - ४) संचालक समितिको बैठकमा धेरै दिन/ बर्ष भाखा नाघेका सदस्यको नाम ३५ दिने सार्वजनिक सुचना निकाल्नका लागि पेश गर्ने ।
  - ५) नियमित असुलिका लागि संचालक समिति लाई कसरी परीचालन गर्न सकिन्छ सो कार्ययोजन

पास गरी सबै संचालक समिति लाई जानकारी गराउने ।

ऋण असुलि कार्यदल

संयोजक : श्री मनोज पुडासैनी

सदस्य : श्री सुकदेव भट्टराई

सदस्य : श्री युवराज गिरी

सदस्य : श्री रविलाल वि.क.

सदस्य : श्री कुश्मा कुमारी गौतम

- संस्थाको भल्ट रु १५,००,०००  तथा काउण्टरको विमा रु १०,००,००० गर्नका लागि संस्थाका अध्यक्ष ज्यू लाई अख्तीयारी दिने ।
- सि.सि.टि.भि.क्यामेरा को ब्याकअफ ३ महिना गर्नका लागि १० टिविको पेन ड्राइभ खरीद गर्ने ।

**७ पौष २०८१**

- सुत्केरी सहयोग तथा बाल पोषण संचालन कार्यविधि- २०८१ लागु गर्ने ।
- संस्थाको विनियम-२०६९(संशोधन-२०७८)को दफा ३६ को उपदफा ध अनुसार गत मिति २०८१ मंसिर ७ गते को बैठक को निर्णय नं.५ अनुसार गठन  भई ऋण असुलि सम्बन्धी विभिन्न काम गर्न दिइएको मा त्यो कार्यदल मार्फत विभिन्न भाखा नाघेका ३४ जना सदस्यका प्रतिवेदन पेश भई सो प्रतिवेदमा छलफल गर्ने ।
- संस्थाको भवन भित्र फोनको नेटर्वक नटिप्ने समस्याले ऋण असुलीका लागि प्रयाप्त फोन गर्न नसकिएको र हाम्रो मोवाइलमा पनि बाहिर बाट फोन आउन नसकेको सो समस्या समाधान गर्ने ।
- संस्थाको भल्ट राख्ने कोठामा कुनै बाहिर ग्यास आवज जावत गर्न झ्याल नभएकाले त्यहाको हावा बाहिर बाल्ने यन्त्रको व्यावस्थापन गर्ने ।
- विभिन्न शाखाको नाम नटालिएका सो टाल्ने ।
- काउन्टर कक्षमा हुने हल्ला र बैठकहलमा हुने सबै कुराकानी बाहिर भित्र जाने भएकाले काउन्टर भित्र कार्यालयमा ढोका बनाउने ।
- संस्थाको भवन वरपर हरभरा र बगैचा नभए पनि केहि थान गमला र फुल रोप्ने र बाहिर केहि बार लगाउने ।

**१३ माघ २०८१**

- आ.व.२०८१/०८२ को ६ महिना पुरा भएकाले यो अर्धबार्षिक रुपमा संस्थाको योजना र बजेट अनुरुप के कस्तो अवस्था छ सोहि अनुसार के गर्न बाकि छ सो कुराको अर्धबार्षिक छलफल गर्नका लागि मिति २०८१ माघ १७ गतेका दिन पूर्ण समितिको बैठक बोलाउने ।

- संस्थाले तरलता बजारको अवस्थाले गर्दा संस्थाले प्रर्दान गरीरहेको बचत तथा ऋण सेवाको व्याज दरमा क्रमश बचतमा १.२५ प्रतिशत तथा ऋण सेवामा १ प्रतिशत कम गर्ने गरी मिति २०८१ माघ १६ गते देखि लागु गर्ने ।
- जग्गा धितो राखि ऋण लगानी गर्दा क र ख वर्ग बैंकको हस्ताक्षर भएको चेक धरौटी लिने र मिति २०८१ फागुन १७ गते मंगलबार भिमवलि सामुदायिक वन पदमपुरमा शेयर सदस्यहरुको परीचयात्मक तथा बनभोज कार्यक्रम गर्ने ।

**६ फागुन २०८२**

- संचालक समितिको आचारसंहिता-२०८१ लागु गर्ने
- विगत १ बर्ष देखि संस्थामा कारोवार नगर्ने ५ किस्ता भन्दा कम शेयर भएका सदस्यहरुको ३५ दिने सुचना प्रकाशन गरी कारोवार गर्नका लागि अनुरोध गर्ने सो समयमा नभएमा निकृय सदस्यको रुपमा राख्ने गरी सुचना गर्ने ।
- संस्थाको विनियम-२०६९(संशोधन-२०७८)को दफा ३६ को उपदफा ध अनुसार गत मिति २०८१ मंसिर ७ गते को बैठक को निर्णय नं.५ अनुसार गठन  भई ऋण असुलि सम्बन्धी विभिन्न काम गर्न दिइएको मा त्यो कार्यदल मार्फत विभिन्न भाखा नाघेका ३६ जना सदस्यका प्रतिवेदन पेश भई सो प्रतिवेदमा मिति २०८१/१०/१३ गते बैठकमा विशेष छलफल गरी ७ जना सदस्यको ३५ दिने सुचना प्रकाशन गरीएकोमा १ जना सदस्यको व्याज र हर्जना प्राप्त भएको अन्य सदस्य संस्थामा सम्पर्क गरी व्याज तिर्ने प्रतिवद्धता भएकाले संचालक तथा कर्मचारी बाट के कस्तो गरी असुलीका लागि सहजकता गर्न सकिन्छ भनि ऋण असुलि गर्ने

**६ चैत्र २०८१**

- संस्थाको भित्तेपात्रो छपाई तथा संस्थाको आवश्यक सामाग्रि खरिद तथा अन्य छपाई गर्नका लागि छपाई कार्यदल गठन गर्ने ।
- प्रभु म्यानेजमेण्ट बाट भुक्तानी पाउनुपर्ने रकम संस्थामा प्राप्त भइ सकेको र सो समयमा व्याज भुक्तानी प्राप्त हुन बाकि रहेकोले संस्थाले ऋण लगानी गर्दा ऋण सापटिका लागि लिने व्याजदर ११.०० प्रतिशत दरले रु.५१,५१०/- तुरुन्तै भुक्तानी लिने र संस्थाको प्रभु म्यानेजमेण्ट काठमाडौं बाट भुक्तानी लिनका लागि संस्थाको आर्थिक तथा प्रशासन निति अनुसार दैनिक भ्रमण भत्ता भुक्तान गर्ने ।
- संस्थाको विभिन्न उपसमितिको पद "उपसमिति संचालन सम्बन्धी कार्यविधि-२०७९" अनुसार अवधि समापन भएकाले निम्न लिखित उपसमितिहरुलाई यो संचालक समितिको पदावधि रहे सम्मका लागि समय अवधि थप गर्ने गरी तपशिलका उपसमितिहरुको नयाँ उपसमिति गठन गर्ने

**ऋण उपसमिति :**
संयोजक : श्री नारायण प्रसाद भण्डारी
सदस्य : श्री प्रकाश पुडासैनी
सदस्य : श्री कुल बहादुर बस्नेत

**शिक्षा उपसमिति :**
संयोजक : श्री रविलाल विश्वकर्मा
सदस्य : श्री राजेन्द्र पोखेल
सदस्य : श्री इन्द्र बहादुर वि.क.

**महिला समन्वय उपसमिति :**
संयोजक : श्री कुश्मा कुमारी गौतम
सदस्य : श्री सानु माया ढकाल ढुङ्गाना
सदस्य : श्री लक्ष्मी विटालु
सदस्य : श्री प्रभा आर्चाय
सदस्य : श्री लिला सुवेदी

**सेवा केन्द्र व्यवस्थापन उपसमिति :**
संयोजक : श्री लिलानाथ देवकोटा
सदस्य : श्री आइत बहादुर बल
सदस्य : श्री शुक माया तमाङ
सदस्य : श्री कृष्ण बहादुर गोदार
सदस्य : श्री राम बहादुर थापा

**लघु वित्त कार्यक्रम संचालन उपसमिति :**
संयोजक : श्री शुकदेव भट्टराई
सदस्य : श्री नाराणय दत्त गौतम
सदस्य : श्री विकास थापा

**संस्था विकास उपसमिति :**
संयोजक : श्री भिमसेन महत
सदस्य : श्री दुर्गा बहादुर कुबँर
सदस्य : श्री बुद्धि बहादुर तमाङ्ग

**अनुगमन तथा मुल्यांकन उपसमिति :**
संयोजक : श्री राम बहादुर कुबँर
सदस्य : श्री टिकाराम कुबँर
सदस्य : श्री केदार नाथ सापकोटा

**प्रोवेशन कार्यदल :**
संयोजक : श्री मनोज पुडासैनी
सदस्य : श्री कुश्मा कुमारी गौतम
सदस्य : सिर्जना सुनार
सदस्य : सुरेश पौडेल
सदस्य : सविता भण्डारी

**८ वैशाख २०८२**

- पर्ल्स मापदण्ड अनुसार संस्थाका नयाँ निर्देशिका '**मासिक बचत जम्मा तथा फिर्ता निर्देशिका –२०८२**' लागु गरी गर्ने ।
- ध्रुव सेवा केन्द्र व्यवस्थापन मिति २०८२ वैशाख ४ गते भएको निर्णय अनुसार यहि मिति २०८२ वैशाख २५ गते बिहान ७:०० बजे सेवा केन्द्र स्थापना दिवश मनाउनका लागि बजेट व्यवस्थापन गर्ने जसका लागि सेवा केन्द्र व्यवस्थापन उपसमितिलाई जिम्बेवारी दिने ।

**६ जेठ २०८२**

- संस्थाले मिति २०८२ वैशाख मा भएका तपशिलका कार्यक्रम समापन गर्न सफल भएका कार्यक्रम संयोजक लाई धन्यवाद ज्ञापन गर्ने तथा सो कार्यक्रमको निम्न खर्चहरु अनुमोदन गर्ने ।
  सदस्यहरुको परिचयात्मक तथा वनभोज कार्यक्रम :
  मिति २०८२ वैशाख ६ गते
  खर्च : रु.४,७८,५००/-
  ध्रुव सेवाकेन्द्र स्थापना दिवस कार्यक्रम :
  मिति २०८२ वैशाख २५ गते
  खर्च : रु.११,५४५/-
- संस्थाको आ.व.२०८२/०८३ को जग्गा धितो राखि ऋण लगानी गर्दा संस्थागत मुल्यांकन कर्ताको सुचिकृत गर्नका लागि १५ दिने सुचना जारी गर्ने ।
- संस्थाको आ.व. २०८२/०८३ को बार्षिक योजना तथा बजेट निर्माण गर्नका लागि मिति २०८२ असार ३ र ४ गते रणनितिक योजना हेरी संचालक समितिले गर्ने ।
- संचालकको क्षमता विकास तालिम मिति २०८२ जेठ २२ र २३ गते बन्दीपुरमा गर्ने ।

**६ असार २०८२**

- संस्थाले मिति २०८२ असार ११ गते संस्थाको १४ औं स्थापना दिवश मनाउनका लागि शिक्षा उपसमिति मार्फत आखाँ शिविर संचालन गर्ने र अन्य औपचारिक कार्यक्रम सञ्चालन गर्ने
- संस्था कर्मचारी कार्यालय सहयोगि श्री पूर्णिमा विश्वकर्माको राजिनामा पश्चात उहाँको व्यक्तिगत कारण बाट पुनः संस्थामा सेवा गर्ने इच्छा प्राप्त भएकाले उहाँलाई मिति २०८२ असार ८ गते बाट संस्थामा उहाँले पाइरहनु भएको तलब भत्ता नघटाई सोहि पदमा नयाँ नियुक्ति दिने ।
- संस्थाको १४ औं स्थापना दिवशको अवसरमा एक बर्ष भित्र रु.१,५०,०००/- (अक्षेरुपि एक लाख पचास हजार रुपैया मात्र) मासिक बचतमा रहेका सदस्यहरुलाई स्वास्थ्य विमा शुल्क बापत रु.३५००/- वितरण सहित सम्मान गर्ने ।

## सञ्चालक समितिको विशेष बैठक

**२०८१ श्रावन ५ गते**

- संस्थाको नवनिर्मित भवनबाट कारोवार सुरुवात गर्ने ।

**२०८१ भाद्र २५ गते**

- १३ औं बार्षिक साधारणसभा सम्पन्न गर्नका लागि निम्न बमोजिमका कार्यदल गठन गर्ने ।

**पत्रचार एंव प्रचार प्रसार :**
संयोजकः श्री कर्ण बहादुर विश्वकर्मा
सदस्य : श्री शुकदेव भट्टराई
सदस्य : श्री इन्द्र बहादुर वि.क.

**मञ्च, यातायात खर्च , साउण्ड सिस्टम तथा सरसफाई व्यवस्थापन :**
संयोजक : श्री नारायण प्रसाद भण्डारी
सदस्य : श्री मनोज पुडासैनी
सदस्य : श्री युवराज गिरी
सदस्य : श्री रविलाल वि.क.
सदस्य : श्री विम कुमारी वि.क.

**स्वागत सत्कारः**
महिला सम्वन्य उपसमिति
संयोजक : श्री कुस्मा कुमारी गौतम
सदस्य : श्री सृजना सुनार
सदस्य : श्री प्रभा कोइराला

**मायाको चिनो ,पुरस्कार छर्नोट एंव सम्मान र प्रगति प्रतिवेदन पुस्तीका तयारी**
संयोजक : श्री कर्ण बहादुर विश्वकर्मा
सदस्य : श्री शुकदेव भट्टराई
सदस्य : श्री युवराज गिरी

- संस्थाको रेमिट कारोवार गर्ने सन्दर्भमा गत वैशाख २०८१ भन्दा अगाडी बाट संस्थाले प्रभु मेनेजमेण्ट प्रा.लि. सँग सम्झौता बमोजिम भुक्तानी प्राप्त नभएको ले गत श्रावन ३० गते देखि भाद्र २ गते सम्म ताकेता गरीएकोमा हामिले लिनुपर्ने रकम प्राप्त नभएकाले अबको पुनः ताकेता गर्नका लागि तपशिल बमोजिमको रकम ल्याउने गरी कार्यदल गठन गरी मिति २०८१ भाद्र २६ गते काठमाडौं ताकेता गर्ने ।

  **तपशिल**
  संयोजक : श्री कर्ण बहादुर विश्वकर्मा
  सदस्य : श्री युवराज गिरी

- आ.व. २०८१/०८२ को संस्थाको बाह्य लेखा परिक्षण गर्नका लागि ७ दिनको म्याद राखी रजिष्ट्रार लेखा परीक्षकहरु बाट आवेदन माग गर्ने ।

**२०८१ भाद्र २८ गते**

- मिति २०८० माघ देखि २०८१ असार सम्मको लेखा सुपरीवेक्षणले आर्थिक तथा प्रगति प्रतिवेदनमा देखिएका कमि कमजोरीहरु तथा सुधारका उपायहरु संचालक समितिलाई प्राप्त भएका सुझावहरु कार्यान्वयन गर्दै लैजान ।
- शुभलाभ इण्डष्ट्रि मेनरोड नारायणगढ बाट प्राप्त कोटेशन अन्य भन्दा सस्तो भएकाले सो पसलबाट कुर्चि(मेटल भिजिटर) रु. ३१५०/- मुल्य रहेको २० वटा कुर्चि खरिद गर्ने ।
- लि मिति २०८१ भाद्र २९ गते हुने पूर्ण समितिको बैठकमा तपशिलका प्रस्तावहरु पेश गर्ने ।

  **तपशिल**

  - बार्षिक प्रगति प्रतिवेदन सम्बन्धमा ।
  - आर्थिक प्रतिवेदन सम्बन्धमा ।
  - लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
  - लेखा सुपरिवेक्षण समितिको संयोजक पदको निर्वाचन सम्बन्धमा ।
  - बोनस वितरण सम्बन्धमा ।
- प्रभु म्यानेजमेण्ट काठमाडौं बाट पाउनु पर्ने भुक्तानी रकम पाउनका लागि उक्त कार्यालयमा थप प्रकृया गर्नका लागि संस्थाको तर्फबाट संस्थाका सचिव श्री कर्ण बहादुर विश्वकर्मा र संचालक सदस्य श्री युवराज गिरी लाई अख्तीयारी दिने ।
- संस्थाको किचन (भान्सा) व्यवस्थापन गर्नका लागि आवश्यक सामाग्रि खरिद गर्ने ।

**२०८१ माघ १३ गते**

- ऋण असुलि कार्यदलबाट संस्थाबाट ऋण उपभोग गरी संस्थाले निर्धारण गरेको समय तालिका अनुसार ऋणको किस्ता ,व्याज प्राप्त नभए पछि फोन मार्फत , पत्रचार मार्फत र भेटघाट गरी ऋणी सदस्यहरु सँग ऋणको किस्ता भुक्तान गर्न आग्रह गरे पनि किस्ता प्राप्त नभए पछि ऋणी सदस्यहरुको हालको अवस्थाहरु बुझि अब संस्थाले के गर्न सकेमा ऋणी सदस्यहरुबाट ऋण असुल गर्न सकिन्छ भनि सबै विवरण पेश भई संचालक समितिको विशेष बैठकका कार्यदलका संयोजक श्री मनोज पुडासैनी सहितका सदस्यहरु श्री सुकदेव भट्टराई , श्री युवराज गिरी , श्री रविलाल वि.क. र श्री कुश्मा कुमारी गौतम ज्यूहरु बाट पेश भए बमोजिम तपशिलका सदस्य लाई पहिलो चरणमा ३५ दिने ऋण भुक्तानी गर्नका लागि सार्वजनिक सुचना राष्ट्रिय दैनिकमा प्रकाशन गर्ने ।

  तपशिल

  १) श्रीमान थिङ्ग सदस्यता नं. ६७१
  २) अम्बर बहादुर थापा स.नं. २४४
  ३) सुन्तली वि.क. स.नं. ३६५

४) दिपक सुनाम परीयार स.नं. २७६
५) सरिता तमाङ्ग स.नं. १८५
६) विम कुमारी वि.क. स.नं. ०३१
७) खगेश्वर भण्डारी स.नं. ६९२
८) भूमि माया सुवेदी स.नं. ०३६

**२०८१ माघ १६ गते**

- आ.व. २०८१/०८२ को ६ महिनामा संस्थाको लेखा सुपरीवेक्षण समितिबाट संचालक समिति तथा कर्मचारीहरुलाई प्राप्त सुझावहरु क्रमशः कार्यन्वयन गर्दै लैजाने ।
- मिति २०८१ माघ १७ गते हुने आ.व. २०८१/०८२ को अर्धबार्षिक समिक्षामा तपशिल बमोजिमका प्रस्तावहरु छलफल र सुझावका लागि पेश गर्ने ।

  तपशिल
  - ➢ अर्धबार्षिक आर्थिक प्रतिवेदन
  - ➢ बार्षिक योजनाको समिक्षा
  - ➢ लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन
  - ➢ विविध

# आ.व. ०८२/०८३ को वार्षिक योजना तथा कार्यक्रम

१. **संस्थागत विकास सम्बन्धी योजना :**

१.१ **वित्तिय क्षमता विकास**

१.१.१ **गुणस्तरीय सदस्य विस्तार योजना :**

"**आर्थिक विकासका लागि सबैको समान सहभागीता**" हाम्रो मुलमन्त्र हुनेछ । कार्यक्षेत्र भित्रका अधिकतम समुदायमा संस्थाको पहुँच सरल रुपमा पुऱ्याई सबै लाई सरल तरिकाबाट संस्थामा आवद्ध हुनका लागि कर्मचारी,सबै संचालक, सबै उपसमिति र सेवा केन्द्रलाई जिम्मेवारी दिइनेछ ।

- संस्था आवश्यक हुने सदस्यहरुको संख्या बृद्धि गर्ने ।
- संस्थामा सदस्य प्रवेश गर्दा लागु हुने नियम पालन नगर्ने सुविधा मात्र खोज्ने सदस्यहरु लाई निश्चित समय दिएर संस्थाको वृहतर हितमा, नियम पालन गर्न नखोज्ने र निश्चित स्वार्थ मात्र लिएर आउने सदस्यहरु लाइ सदस्यलाई क्रमश हटाइनेछ ।

- आफुले गर्न पर्ने मासिक बचत नियम अनुसार मासिक रुपमा नबुझाउने तर साधारण सभाको भत्ता मात्र पाउनु पर्छ भन्ने सदस्यहरु लाई संस्थामा बोलाइ र पत्रचार गरी यस बर्षको साधारण सभा बाट हटाउनको लागि अनुमति माग गरिनेछ।

| | |
|---|---|
| बृद्धि लक्ष्य | जनामा : ३०२ |
| | बृद्धि प्रतिशत : १५% |
| **मुख्य कार्यालय तथा सदस्य सेवाकेन्द्रहरुको लागि लक्ष्य निर्धारण** | |

**सदस्य विस्तारको रणनीतिहरु :**

| क्र.सं. | रणनीती | अपेक्षित सदस्य संख्या |
|---|---|---|
| १ | हरेक कर्मचारी(७) मासिक २ सदस्य | १६८ |
| २ | संचालक ले.सु.स., उपसमिति (३२) मार्फत बार्षिक ३ जना सदस्य थप गर्ने | ९६ |
| ३ | घरदैलो कार्यक्रम (टोलटोलमा सजिलो) बाट | १९ |
| ५ | बालीक बनेका बाल बचत कर्ता सदस्यता प्रदान गरेर | ७ |
| ६ | कर्जा लगानी गर्दा व्यक्तिगत जमानीलाई सदस्य बनाएर | ८ |
| ७ | समुदायसंग सजिलो साकोस कार्यक्रम | ४ |
| | जम्मा | ३०२ |

नयाँ सदस्यताको लागि आवश्यक शुल्क, शेयर तथा बचत सम्बन्धी व्यवस्था :

| क्र.सं. | शिर्षक | रकम | फिर्ता हुने नहुने |
|---|---|---|---|
| १ | प्रबेश सुल्क | रु.१०० | फिर्ता नहुने |
| २ | शेयर रकम | न्युनतम २१ कित्ता रु २१०० | सदस्यता त्याग्दा फिर्ता हुने |
| ३ | अनिवार्य नियमित मासीक बचत | न्युनतम रु ३०० | आवस्यक परेमा ५ वर्षपछि २५ प्रतिशत फिर्ता |
| ४ | राहत कोष | रु.१००० | फिर्ता नहुने |
| ५ | ऐच्छिक बचत | रु.५०० | फिर्ता हुने |

कुनै व्यक्तिले सदस्य बन्न चाहान राखि शेयर खरिद गर्नका लागि तर सबै पैसा बुझाउन असमर्थ रहेका तत्काल रु ५००/- नगद बाट सदस्य बन्न सक्ने छ। जसमा प्रवेश शुल्क रु.१००/-, शेयर १ कित्ता

रु.१००/- मासिक बचत रु.३०० हुनेछ र पछि राहत कोषमा सहभागि हुनका लागि थप अन्य रकम पुरा गरेर मात्र समावेश गरीनेछ । मासिक रुपका कसरी गर्ने सो विवरण तल रहेको छ।

१.१.२**शेयर पूँजी वृद्धि योजना** :

हाम्रो संस्थालाई हामी सबैको अपनत्व हुने गरि "**हाम्रो संस्था हाम्रो लगानी, हाम्रो शेयर, हामी गुणस्तरीय शेयरधनि**" को भावनाको विकास हुने गरि संस्थाका सबै सदस्यहरुलाई औषत शेयर बराबार कम्तीमा र अधिकतम कुल शेयरपुँजीको २० प्रतिशत सम्म शेयर खरिद गर्नका लागि सदस्यहरुलाई बर्ष भरी नै शेयर खरिद गर्न सकिने व्यवस्था रहनेछ। शेयरको प्रति कित्ता मुल्य रु १००।- (अक्षरुपी एक सय मात्र) । संस्थाले गरेको आम्दानीको आधारमा शेयर खरिद गरेको दैनिक मौज्दातको आधारमा विनियममा व्यवस्था गरिएको प्रतिशत अनुसार सहकारी ऐन तथा नियमावलीको व्यवस्थाअनुसार अधिकतम लाभांसको लागि काम गरिनेछ। सबै सदस्यहरुको शेयरलाई औषत बनाउनका लागि समय समयमा शेयर थप्नका लागि सदस्यहरुलाई अनुरोध गरिनेछ । कम्तीमा यस वर्ष ५० प्रतिशत सदस्यहरुको शेयर पुँजिलाइ औषत शेयर बराबर बनाउनका लागि सदस्यहरुलाई अनुरोध गरिनेछ। यस वर्ष शेयर पुँजिको थप देहायबमोजीम गरिनेछ ।

- ६० बर्ष भन्दा माथिका सदस्य बनाइने छैन भनि युवा सदस्यहरुलाई सदस्य प्रवेश गर्न प्रोत्साहन गरीनेछ।
- यो बर्ष न्यनतम शेयर नपुगेका १३६२ जना मध्य १३० जना सदस्य लाइ औषत शेयर राख्न लगाइने छ।
- ३१६ जना सदस्यको १ कित्ता रहेकोमा शेयर वृद्धि गर्न लगाइने छ।

| | |
|---|---|
| बृद्धि लक्ष्य | रुकम : रु ८,३२,००० |
| | बृद्धि प्रतिशत : ३.२१ |

**शेयर पूँजी वृद्धि रणनीति** :

| क्र. सं. | रणनितिहरु | अपेक्षित शेयर रकम |
|---|---|---|
| १ | नयाँ बन्ने सदस्यहरुबाट (औषतमा रु.५००× २५५) | १,५१,००० |
| २ | हाल औषत शेयर रकम नपुगेका सदस्यहरुबाट(१३६२ जना मध्य १२६ बाट लाई १३० कित्ता पुऱ्याउदा) | ४,४३,००० |
| ३ | सम्भावीत ऋणी तथा ऋण माग गरेका सदस्यहरुलाई ऋणको योग्यता अनुसारको शेयर खरिद गर्न लगाउने | २००००० |
| ४ | कर्मचारी, संचालक, ले. सु. स, उपसमितिलाई अनिबार्य औषत शेयर खरिद गर्न लगाएर | २५,५०० |
| ९ | प्रोत्साहन बापतको शेयर बृद्धि र्माफत | १२५०० |
| | **जम्मा** | ८,३२,००० |

१.१.३ **बचत ⁄ निक्षेप वृद्धि योजना :**

"**सुखी परिवार र उज्जल भविश्यका लागि सजिलोमा बचत**" हाम्रो बचतको मुल मन्त्र रहनेछ। मानिसको जीवनमा जन्म देखी मृत्यु सम्मका विभिन्न चरणमा बचतको आवश्यकता हुने भएको कारण सदस्यहरुको हरेक क्रियाकलापमा सुहाउँदा बचतका उत्पादनहरु पहिचान गरि आजको सहजता र भोली आउने भविश्यको सहजता र जीवनमा आईपर्ने समस्या समाधानका लागि आवश्यक पर्ने आर्थिक श्रोतका लागि आज देखी नै बचत गर्नका लागि सदस्यहरुलाई सहभागी गराइने छ। प्रत्येक सदस्यहरुलाई सबै प्रकारका बचतका उत्पादनहरुमा सहभागी गराई यो बर्षको बचत तथा निक्षेप संकलनलाई तपशिल अनुसार संकलन गर्ने योजना बनाइ कार्यान्वयन गरिनेछ।

**बचत ⁄ निक्षेप वृद्धि योजना :**

- बचत बृद्धि अभियान संचालन गर्नका लागि असल तथा ठुला बचत गर्ने शेयर सदस्यहरु सँग बचत भेटघाट र परामर्श लिने।
- सजिलो पेन्सन योजना संचालन गर्नका लागि आवश्यक **पेन्सन कार्यविधि** बनाउने।
- संस्थाको स्थापना दिवश, राष्ट्रिय सहकारी दिवसका दिनमा सजिलो विशेष बचत संकलन गर्दा अन्य दिनमा भन्दा सो दिनमा बचत गर्दा १ **प्रतिशत ब्याज थप** गर्ने।
- हाल सम्मको मासिक नियमित बचत रु १,५०,०००/- भन्दा धेरै हुने शेयर सदस्यहरुको हकमा निजको परिवारलाई **स्वास्थ्य विमा**को लागी लाग्ने शुल्क स्वरुप हरेक बर्ष रु३५००/- उपलब्ध गराउने । अन्य विवरण **मासिक बचत योजना कार्य संचालन कार्यविधिबाट** हुनेछ। ६० बर्ष कटेका जेष्ठ नागरीकको हकमा रु ३५०० बर्षको एक पटक पेन्सन बापत पाउनु हुनेछ।
- रु ५ लाख भन्दा बढि आवधिक बचत रकम १ बर्ष भन्दा बढि समय राखिएको हकमा रु.१ लाख बराबरको **दुर्घटना विमा** गरीनेछ।
- पर्व/क्रमिक बचतमा मासिक रुपमा रु ५०००/- भन्दा बढी बचत गरी रु ५०,०००/- सम्म बचत खातामा रहेका सदस्यहरुलाई बार्षिक रुपमा **विशेष उपहार पर्व बचत कार्यविधि** बनाई लागु गरीनेछ।
- रेमिट मार्फत आएको रकमलाई रेमिट बचत खातामा राखेमा विदेशबाट रेमिट पठाउने व्यक्ति र पाउने व्यक्ति लाई **विशेष सम्मान** गरीनेछ।
- जेष्ठ नागरीक बचत खाता संचालन रहेको र रु ३ लाख भन्दा बढि बचत रहेका सदस्यका लागि लागत सहभागितामा तिर्थाटन भ्रमण गराइनेछ। अन्य **जेष्ठ नागरीक बचत खाता संचालन कार्यविधि** अनुसार हुनेछ।

| | |
|---|---|
| वृद्धि लक्ष्य | रु २,०६,००,००० |
| | प्रतिशतमा : १२.८०% |

**बचत निक्षेप वृद्धि रणनीति :**

| क्र.स | रणनीतिहरु | रकम रु. |
|---|---|---|
| १ | कूल सदस्यको ६५ प्रतिशत सदस्यलाई नियमित बचत गराउने | ३०,८०,००० |
| २ | प्रतिष्पर्धी मूल्य निर्धारण र प्रत्येक कर्मचारीलाई बचत वृद्धिको लक्ष्य निर्धारण गरिनेछ। | ४२,००,००० |
| ३ | सदस्यहरुको चाहाना अनुसारको नयाँ बचतका उत्पादन गरिनेछ। | २५,००,००० |
| ४ | एक जना सदस्यको कम्तीमा ३ वटा बचत योजनामा सहभागि गराउने। | २५,००,००० |
| ५ | अधिकतम बचत, रेमिट कारोवार र नियमीत बचत गर्ने सदस्यहरुलाई पुरस्कृत तथा सम्मानको कार्यक्रम गर्ने। | २५,००,००० |
| ६ | सदस्यहरुलाई प्रत्येक बचतका उत्पादनहरुको बारेमा जानकारी गराउने (क्याटकग,ब्रसर,लीफलेट सदस्य शिक्षा आदी सबैमा सहभागी गराएर ) | १५,००,००० |
| ७ | ऋण लिने सदस्यहरुको बचत क्षमता अनुसार ऋण नितिको व्यवस्था गर्ने। | ४३,२०,००० |
| | **जम्मा कूल बचत/निक्षेप** | **२,०६,००,०००** |

१.१.४ **सदस्यहरुलाई ऋण लगानीमा वृद्धि योजना :**

“**स्वाबलम्बी र आत्मनिर्भरताका लागि सदस्यको पूँजीको उचित परिचालन**” लाई आत्मसाथ गरि सदस्यहरुको वास्तविक परियोजनाका आधारमा सिप तथा व्यवसायीक योजना भएका सदस्यहरुलाई आत्मनिर्भर बन्नका लागि विभिन्न क्षेत्रमा सदस्यहरुलाई लगानी गरिने छ जसका लागि सदस्यहरुको चाहाना तथा आवश्यकताको पहिचान र बजार विश्लेषणमा ध्यान दिदै यस बर्ष सदस्यको उद्यम व्यवसाय केन्द्रीत तपशिल अनुसारको लगानी गरीनेछ।

- यो बर्ष ३० समुह लाई बढाएर ४० वटा लघु वित्त समुह बनाइ ऋण लगानी र बचत संकलन गरीनेछ।
- लघु वित्त समुह परिचालन नितिमा १ कित्ता शेयर हुने सदस्यलाई ३० हजार लगानी गरीएको मा भाखा ननघाउने लघु वित्त समुहमा १० कित्ता शेयर हुने सदस्यलाई ३५ हजार र ५० कित्ता शेयर हुने सदस्यलाई ५० हजार ऋण लगानी गरीनेछ। ३५ हजार ऋण लाने सदस्यले रु.२०० मासिक बचत र ५० हजार ऋण लाने सदस्यले रु.५०० मासिक बचत अनिवार्य गर्नु पर्नेछ। ऋण माग फारममा लघु वित्त समुह व्यवस्थापन उपसमिति संयोजक बाट हस्ताक्षर पश्चार लगानी गरीनेछ।
- औषत शेयर र सोहि अनुसार मासिक बचत रहेका शेयर सदस्यलाई १ लाख देखि २ लाख सम्म ऋण सेवा लिने लघु वित्त समुहका सदस्यहरुले माग अनुसार १ बर्ष वा १८ महिने व्यवस्था गरीनेछ।
- मौसमी खेतीका लागि सामुहिक ऋण लगानी **कार्यविधि बनाइ लागु गरिनेछ।**
- पशुधनको विमा गरी सामुहिक ऋण लगानी **कार्यविधि बनाइ लागु गरिनेछ।**

**सदस्यहरुलाई ऋण लगानी वृद्धि गर्ने योजना :**

| | |
|---|---|
| वृद्धि लक्ष्य | रकम : ३,०४,७०,००० |
| | प्रतिशतमा : २०.३१% |

**सदस्यहरुलाई ऋण लगानी वृद्धि रणनीति :**

| क्र.स | रणनीतिहरु | रकम रु. |
|---|---|---|
| १ | नयाँ ऋणी सदस्य थप गर्ने । | १,७१,५५,००० |
| २ | ऋणका सेवाहरु थप गर्ने । | १५,००,००० |
| ३ | प्रतिष्पर्धी मूल्य निर्धारण गर्ने । | ४०,००,००० |
| ४ | कर्मचारीलाई लक्ष्य निर्धारण गर्ने । | ३५,००,००० |
| ४ | अशल ऋणीहरुलाई अशल ऋणी परिचय पत्र व्यवस्था गर्ने । | २५,००,००० |
| ५ | वर्षका ठूला ५० ऋणी सदस्यहरुको वार्षिक भेला कार्यक्रमको अयोजना गरिनेछ । | १५,००,००० |
| ६ | उत्कृष्ठ ऋण कारोबार गर्ने सदस्यलाई सम्मान गरिनेछ । | ३,१५,००० |
| **जम्मा** | | **३,०४,७०,०००** |

**गुणस्तरीय ऋण लगानीका लागि अशुलि अभियान**

"**सदस्यहरुको बचतको सुरक्षा, ऋण असुलिमा पुर्ण प्रतिवद्धता**" लाई आत्मसाथ गरि ऋण माग गर्ने सदस्यहरुको वास्तविक परियोजनाका आधारमा सिप तथा व्यवसायीक योजना भएका सदस्यहरुलाई आत्मनिर्भर बन्नका लागि लगानीपुर्व कर्मचारीहरु द्वारा स्थलगत निरिक्षण प्रतिवेदन तयार गर्ने, लगानी भइ रहेका ऋणको ऋण सदुपयोगिता फारम मासिक २० वटा तयार गर्ने , लघु वित्त समुह अन्तगर्त लगानी भएका समुह बाट गरीएका कार्यहरु लाई सामुहिक लघु उद्यमको रुपमा विस्तार गर्ने वा उत्पादन सँग जोडिएर एकिकृत ऋण लगानीमा जोड दिने र आवश्यकता अनुसार तालिमको पनि व्यवस्था गर्ने , माथिका सबै कार्य गरी संस्थाको ऋण निति अनुसार लगानी भएका ऋण असुलिमा समस्या आएमा ऋण असुलिका लागि सबै अपनाउनको लागि सबै सरोकार वालाहरु गहन भई असुलि ताकेता गरी सदस्यको बचतको सुरक्षा गर्ने ।

- ६ महिना भन्दा बढि भाखा नाघेका ऋणी सदस्यको घरमा हरेक पाक्षिक रुपमा कर्मचारी र हरेक महिनाको अन्तिम शुक्रवार ऋण उपसमिति पुग्नु पर्ने ।
- एस.एम.एस.(यिबल बभिचत) किस्ता आउनु २ दिन अगाडी र फोन ४-५ दिन अगाडी गरीनेछ ।

- १ बर्ष भन्दा बढि भाखा नाघेका ऋणी सदस्यको ताकेताका लागि २-२ महिनामा संचालक समिति सहित घरदैलो/ परामर्श गरीनेछ।
- २ बर्ष भन्दा बढि भाखा नाघेका ऋणी सदस्यको ताकेताका लागि संचालक समिति सहित घरदैलो धर्ना/ परामर्श गरीनेछ।
- अन्य व्यवस्था कार्यविधि अनुरुप हुने।
- मासिक रुपका कसरी गर्ने सो विवरण तल रहेको छ।

**१.१.५ वित्तिय लगानीमा वृद्धि योजना :**

सहकारीहरुको विश्वव्यापी संञ्जालमा संस्थालाई सञ्जालिकृत बनाउदै अभियानमा संस्थाको ऐक्यबद्धताका लागि अभियानले खेलेको भूमिका, संस्थालाई प्राप्त सेवा र सुविधा, अभियान र संस्था बीचको सम्बन्ध आदिको आधारमा देहाएको रणनीतिमा आधारित रहेर वित्तिय लगानीमा वृद्धि गरिनेछ।

**वित्तिय लगानीमा वृद्धि योजना (आवधिक बचत) :**

| | |
|---|---|
| वृद्धि लक्ष्य | रकम रु : १५,००,००० |
| | प्रतिशत : ७६.८६% |

**वित्तिय लगानी वृद्धि रणनीतिः**

| क्र.सं. | रणनीतिहरु |
|---|---|
| १ | सहकारी बैंकबाट संस्थाले प्राप्त गरेको सेवाको अवस्था र लगानीको प्रतिफलको विश्लेषण गरिनेछ। |

**१.१.६ संस्थागत पूँजी वृद्धि योजना :**

सदस्य सेवाको स्तर वृद्धिका लागि संचालन गरिने कार्यक्रमहरुको प्रभावकारिता विकास र सदस्य सन्तुष्टीको वृद्धिका लागि संस्थागत पूँजी अपरिहार्य शर्त हो त्यसैले संस्थागत पूँजीको वृद्धि रणनीति तय गरिएको छ।

**संस्थागत पूँजी वृद्धि योजना :**

| | | |
|---|---|---|
| वृद्धि लक्ष्य | रकममा | १०,६६,१५५ |
| | प्रतिशतमा | ११.९४% |

**संस्थागत पूँजी वृद्धि रणनीति :**

| क्र.स | रणनीतिहरु | रकम रु. |
|---|---|---|
| १ | मुनाफामा वृद्धि गरेर | १०,६०,००० |
| २ | खर्चभएर जाने कोषहरुबाट खर्च भएर बाँकी रहेको रकम वर्षान्तमा जगेडाकोषमा सारेर, | ६,१५५ |
| ३ | स्थिर सम्पत्ति बिक्रिबाट प्राप्त रकमलाई जगेडाकोषमा राखेर, | |
| ४ | सदस्य वा अन्य दातृ निकायहरुबाट सहयोग प्राप्त गरेर | |
| **जम्मा** | | **१०,६६,१५५** |

१.१.७ **बाह्य ऋण लिन/वृद्धि योजना :**

संस्थाको तरलता व्यवस्थापन र आन्तरिक पूँजीको अभावमा असल ऋणी सदस्यहरुलाई आयमुलक क्षेत्रमा ऋण लगानी गर्नका लागि संस्थाको कूल सम्पत्तिको ५ प्रतिशतमा नबढनेगरी सहकारी अभियान भित्रैबाट बाह्य ऋण लिने नीति लिइनेछ। यसका लागि संस्थाले देहाएको रणनीति लिनेछ।

**बाह्य ऋण लिन/वृद्धि योजना :**

| | | |
|---|---|---|
| वृद्धि लक्ष्य | रकममा | २,००,००,००० |
| | प्रतिशतमा | |

**वाह्य ऋण वृद्धि रणनीति :**

| क्र.स | रणनीतिहरु |
|---|---|
| १ | सहकारी संञजाललाई प्राथमिकता दिईनेछ। |
| २ | वाह्य ऋण लिँदा लागत विश्लेषण र उक्त संघ वा बैंकले दिने सेवा सुविधाको विश्लेषण गरिनेछ। |
| ३ | बचतमा सदस्यहरुलाई दिएको व्याजदर र वाह्य ऋणको लागत विचको फरक विश्लेषण गरिनेछ। |

१.२ **संचालन क्षमता विकास योजना :**

१.२.१ **नविनतम प्रविधी विकास योजना**

**"प्रविधिको उच्चतम तथा उचित प्रयोग मार्फत सदस्यहरुको अधिक सहभागीता"** सदस्यहरुलाई सरल भरपर्दो र घरमै बसेर कारोबार गर्न सक्ने गरि विभिन्न प्रविधिको विकासमा यो वर्ष अत्याधिक कार्यक्रम गरिनेछ। बढ्दो संक्रमण नगदबाट हुने जोखीमको न्युनीकरण गर्न र नगद रहित कारोबारको माध्यमबाट

आफ्नो पैसाको सुरक्षा र कारोबारमा सरलता ल्याउन तथा इन्टरनेटबाट हुने चोरी डकैत का लागि सदस्यहरुको माभमा तपशिलका कार्यक्रमहरु संचालन गरिने छ ।

| क्र. सं. | प्रविधीको नाम | कहिले सम्म गर्ने ? | के गर्ने ? | सहकार्य | जिम्मेवारी |
|---|---|---|---|---|---|
| १ | इन्टरनेट बैंकिङ वा मोबाइल बैकिङ | चालिरहेको | २५% सदस्य माफ लैजाने १५० जना | ZINOB INC. PVT. LTD. | व्यवस्थापन |
| २ | क्यू आर कोड सर्भिस | अशोज मसान्तबाट | सदस्यहरुको व्यवसायमा राख्न लगाउने २० जना | ZINOB INC. PVT. LTD. | व्यवस्थापन |
| ३. | Finx सफ्टवयेर | सुचारु | अद्ययावधिक गर्ने | ZINOB INC. PVT. LTD. | व्यवस्थापन |
| ४. | अनलाई फर्म तथा KYM को शुरवात | २०८२ अशोज | सजिलो एप मार्फत सुरु गर्ने | Web pag | संचालक समिति |

**मासिक रुपका कसरी गर्ने सो विवरण तल रहेको छ।**

**१.२.२ प्रभावकारी सूचनाका लागि सूचना प्रविधीको विकास योजना**

संस्थाले नियमित रुपमा प्रकाशन र प्रशारण गर्नु पर्ने सूचनालाई प्रभावकारी बनाउदै सबै सदस्यहरुमा सूचनाको पहुँच विस्तारका लागि देहाएका योजनाहरुलाई संस्थाले सूचना प्रदान गर्ने औजारको रुपमा विकास गरिनेछ।

| क्र. सं. | सूचनाको औजार | कहिले सम्म गर्ने ? | के गेर्ने | सहकार्य | जिम्मेवारी |
|---|---|---|---|---|---|
| १ | वेवसाइट (Website) | चालिरहेको | अद्ययावधिक गर्ने | वेव पेज | व्यवस्थापन |
| २ | फेसबुक पेज (Facebook) र टिकटक | चालिरहेको | निरन्तर अद्यावधिक गर्ने | फेसबुक एप / टिकटक एप | व्यवस्थापन |
| ३ | यूट्यूव च्यानल (Youtube) | चालिरहेको | विभिन्न सुचना र जानकारी लागि च्यानल बनाउने | प्रावीधकहरु संग | व्यवस्थापन |
| ४ | एस.एम.एस अर्लट सेवा | चालिरहेको | ३५%सदस्यहरुको कारोबारको जानकारी मोवाइलमा आउने बनाउने | सफ्टवेर कम्पनि संग | व्यवस्थापन |

१.२.३ **वित्तिय व्यवस्थापनमा प्रमाणित विधुतिय उपयोग कार्यक्रमणिका** (**एप्लीकेशन सफ्टवेयर**)**को प्रयोग** :

सहकारी नियमावली २०७५ को नियम २८ को उपनियम ३ बमोजिम हुने गरी लेखा विभागले तोकेको निर्धारक पूरा हुने गरी वित्तिय व्यवस्थापनका लागि वित्तिय सेवा प्रवाहलाई सरलीकृत, प्रभावकारी र विश्वासनिय बनाउनका लागि देहाए बमोजिमको विधुतिय उपयोग कार्यक्रमणिका (एप्लीकेशन सफ्टवेयर) को प्रयोग गरिने छ।

| क्र. सं. | एप्लीकेशन सफ्टवेयरको नाम | के गर्ने | कहिले सम्म गर्ने ? | सहकार्य | जिम्मेवारी |
|---|---|---|---|---|---|
| १ | सजिलो एप | २५% सदस्यहरु लाई संस्थाको एप संचालन गर्न प्रोत्साहन गर्ने | यस आ.व. भित्र प्राविधिक शिक्षा तथा तालिम गर्ने त्रैमासिक रुपमा | शक्ष्लइद्य क्ष्ल्त्रः। एख्त। ीत्म। | व्यवस्थापन |

**मासिक रुपका कसरी गर्ने सो विवरण तल रहेको छ।**

१.२.४ **संस्थागत संचालन क्षमता विकासका लागि सहकारी एकिकरण योजना** :

कार्यक्षेत्र भित्र उद्देश्य मिलेका, समुदायमा आधारित भएर संचालनमा रहेको कुनै पनि वित्तिय क्षती नव्यहोरेका र सदस्यहरुको दोहोरोपना देखिएका अन्य सहकारीहरुसंग एकिकरणका लागि आवश्यक पहल गरिनेछ। यसबाट सदस्यहरुका लागि सदस्य सेवाकेन्द्रहरुको विस्तार गर्दै लगिनेछ।

| क्र. सं. | सम्भाव्य संस्थाको नाम | कसले पहल गर्ने ? | कहिले सम्म गर्ने ? | सहकार्य |
|---|---|---|---|---|
| १ | संस्थाको एकीकरण सम्भाव्यता अध्ययन तथा संस्थाहरु बिच भएका शेयर सदस्य सँगको कारोवारहरुको जानकारी एकिरणको आधार तयारी गर्ने | कोषाध्यक्षको नेतृत्वमा संचालक समितिले | अशोजमा | संचालक समिति |
| २ | कार्यक्षेत्र भित्र रहेका सहकारी संस्थाहरुसँग सम्पर्क गरी सदस्यहरुको सम्वन्धी छलफल सञ्चालन गरिनेछ। | कोषाध्यक्षको नेतृत्वमा संचालक समितिले | पुषमा | संचालक समिति |
| ३ | एकिकरणको वातावरण तयार गर्न स्थानिय तहसँग समन्वय गरिनेछ। | अध्यक्षको नेतृत्वमा संचालक समितिले | चैत्रमा | संचालक समिति |

१.२.५ **सदस्यहरुको लागि श्रोत केन्द्र स्थापना** :

सदस्यहरुलाई सहकारी अभियान, सहकारी ऐन नियमावली, संस्थाको गतिविधी तथा आर्थिक क्षेत्रको

गतिविधीहरुलाई सूसुचित गराउनका लागि संस्था भित्र सबै सदस्यहरुको सहज पहुँच पुग्ने गरी देहाएको व्यवस्था गरिनेछ।

| क्र.स | श्रोत केन्द्रको नाम | कहिले सम्ममा ? | जिम्मेवारी |
|---|---|---|---|
| १ | पुस्तकालय निर्माण र संचालन | अशोज २०८२ सम्ममा देशका भएका ऐन निमावली तथा सहकारी ऐन नियमावली को संगालो गर्नका लागि पुस्तकहरु खरिद गर्ने | संचालक समिति |

**१.२.६ समिति उपसमितिहरुको क्षमता विकास कार्यक्रम :**

संस्थामा समिति तथा उपसमितिको भुमिकालाई प्रभावकारी बनाउने उद्देश्यले यस वर्ष तपसिलमा उल्लेखित तालिम तथा गोष्ठिहरुमा समितिलाई सहभागि बनाउने र संस्था आफैले आयोजना गर्ने व्यवस्था गरिनेछ।

| क्र. सं. | | तलिमको नाम | बार्षिक लक्ष्य | छनोटको आधार | सहकार्य |
|---|---|---|---|---|---|
| १ | सञ्चालकहरु लाई तालिममा सहभागि गराउने | पर्ल्स अनुगमन प्रणाली तालिम | ३ | हाल सम्म नलिएका | छाता संघ |
| | | सहकारी संचालन तालिम (कानुनी परामर्श) | ५ | विभिन्न संघले संचालक समिति लाई तोकि आएका तालिम/ संचालक | छाता संघ/ कानुन विद |
| २ | | ऋण व्यवस्थापन तालिम | ३ | ऋण उ.स. | छाता संघ |
| ३ | | लेखा समितिको भुमिका तालिम | ३ | हाल सम्म नलिएकाले.स. | छाता संघ |
| ४ | | राष्ट्रिय गोष्ठिमा सहभागि गराउने | २ | तोकिएका व्यक्ति | छाता संघ |
| ५ | | अन्तराष्ट्रिय गोष्ठीमा सहभागि गराउने | १ | तोकिएका व्यक्ति | छाता संघ |
| ६ | संस्था आफैले आयोजना गर्ने तालिम तथा गोष्ठी | रणनीतिक योजना समिक्षा कार्यशाला तथा अवलोकन भ्रमण | ४८ | सबै संचालक समिति/ उपसमिति/लेखा समिति/ सल्लाहकार | व्यवस्थापन |

१.२.७ **कर्मचारीहरुको क्षमता विकास कार्यक्रम :**

संस्था मार्फत सदस्यहरुलाई दिने सेवालाई प्रभावकारी बनाउनको लागि यस आ.व.मा कर्मचारीहरुको क्षमता विकासको लागि तपसिलमा उल्लेखि तालिमको व्यवस्था गरिनेछ।

| क्र.सं. | | सम्भाव्य संस्थाको नाम | वार्षिक लक्ष्य | छनोटको आधार | सहकार्य |
|---|---|---|---|---|---|
| १ | कर्मचारीहरु लाई तालिम सहभागि गराउर्ने | पर्ल्स अनुगमन प्रणाली तालिम | २ | नलिएका कर्मचारी | संघ/क्लव/बैंक |
| २ | | ऋण व्यवस्थापन तालिम | २ | ऋण हेर्ने कर्मचारी | संघ/क्लव/बैंक |
| ३ | | वितिय परामर्श | २ | सहायक | संघ/क्लव/बैंक |
| | | सहकारी तालिम | विभिन्न संघले कर्मचारीलाई तोकि आएका तालिमहरु | व्यवस्थापक/ कर्मचारी | संघ/क्लव/बैंक |
| ४ | | नगद परीचालन / अग्र भागको कर्मचारीका तालिम | २ | कर्मचारी | संघ/क्लव/बैंक |
| ५ | | लेखा तालिम | १ | कर्मचारी | संघ/क्लव/बैंक |
| ६ | | CULCC | १ | कर्मचारी | संघ/क्लव/बैंक |
| ७ | | बजार प्रतिनिधिहरुको क्षमता विकास | २ | कर्मचारी | संघ/क्लव/बैंक |
| ८ | | राष्ट्रिय गोष्ठिमा सहभागि गराउने | १ | व्यवस्थापक | संघ |
| ९ | | अन्तराष्ट्रिय गोष्ठीमा सहभागि गराउने | १ | व्यवस्थापक | संघ |
| | संस्था आफैले अयोजना गर्ने तालिम तथा गोष्ठी | कर्मचारी उत्प्रेरणा तथा क्षमता विकास तालिम | ७ | सबै कर्मचारी | संघ/क्लव/बैंक |
| | | कर्मचारी अमिुखिकरण तथा पिकनीक | ७ | सबै कर्मचारी | संघ/क्लव/बैंक |

१.२.८ **कर्मचारी दरबन्दी तथा सेवा सुविधा सम्बन्धी व्यवस्था :**

यस संस्थाको पूँजी, र सदस्य वृद्धिको अनुपात संगै संस्थाले सदस्यहरुलाई दिने सेवा सुविधालाई प्रभावकारी बनाउनका लागि यस आ.व.मा तपसिल अनुसारको कर्मचारीहरु (मानव संसाधन) को दरवन्दी थप गरिनेछ।

| रणनीति तथा क्रियाकलाप | बार्षिक लक्ष्य | छनोटको आधार | सहकार्य | जिम्मेवारी |
|---|---|---|---|---|
| **१.कर्मचारी थप गर्ने** | | | | |
| २. संस्थालाई आवश्यक पर्ने कर्मचारी थप गर्ने | | | | |
| क.सहायकस्तर | १ | | | |
| ख. लघु वित्त परीचालक | १ | | | |
| ग.सुरक्षा गार्ड | १ | | | |

**संस्थामा कार्यरत कर्मचारीलाई यस बर्षबाट प्रति कर्मचारी रु.१५,०००/– दरले बार्षिक पोषाख भत्ता उपलब्ध गराउने , सबै कर्मचारी लाई ५ लाख बराबरको दुर्घटना विमा गर्ने , सबै कर्मचारीलाई संस्थाको आर्थिक सहभागितामा सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने , बार्षिक रुपमा एक** Refreshment **कार्यक्रम संचालन गरीनेछ ।**

२. **सदस्य सेवा सम्बन्धी कार्यक्रम :**

२.१ **युवा सदस्यहरुको लागि वित्तिय शिक्षा कार्यक्रम :**

युवा सदस्यहरुले आफ्नो रुची र व्यक्तिगत गुण र सीप बीचको तादम्यतामा सुझबुझ विकासका लागि वित्तिय शिक्षा आजको अपरीहार्य शर्त भएका कारण देहाए बमोजिम युवाहरुको लागि वित्तिय शिक्षा कार्यक्रमहरु संचालन गरिनेछ ।

| क्र. सं. | कार्यक्रम हुने स्थान | कार्यक्रम | संयोजन | सहकार्य | कूल सहभागी संख्या | तालिम अवधी |
|---|---|---|---|---|---|---|
| १ | संस्थाको कार्यालय | युवा सदस्यहरुको वित्तिय साक्षरता कार्यक्रम | कोषाध्यक्ष | व्यवस्थापन | २५/२५ जना | मासिक २ दिन |
| २ | संस्थाको कार्यालय | बेरोजगार युवा लाई उद्यमशिलता विकास (**आफ्नो व्यवसाय सुरु तथा सुधार योजना**) कार्यक्रम | कोषाध्यक्ष | व्यवस्थापन | ४० जना | १/१ दिन |
| ३ | संस्थाको कार्यालय | प्रविधि साक्षरता | व्यवस्थापक | व्यवस्थापन | ५ प्रतिशत सदस्य | १ घण्टा |
| ४ | संस्थाको कार्यालय | सहकारी शिक्षा | शिक्षा उपसमिति | व्यवस्थापन | २५ प्रतिशत | ३ घण्टा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | कात्तिक मसान्त सम्म | सजिलो युवा संजाल गठन | संस्था विकास उपसमिति | संचालक समिति | १५/१५ जना | १ घण्टा |

**मासिक रुपका कसरी गर्ने सो विवरण तल रहेको छ।**

२.१ **सदस्यहरुलाई वित्तिय साक्षरता ,** :

सदस्यहरुलाई वित्तिय रुपमा साक्षर बनाइ आम्दानी र खर्चको परिवार योजना बनाई बचत गर्नका लागि प्रेरणा हुने गरि वित्तिय साक्षरताको तालीममा सहभागी गराइने छ साथै नगद कारोबारबाट हुन सक्ने सम्भावीत जोखीम यसको अन्त्यका लागि आवश्यक डिजीटल पेमेन्ट सीस्टम र यसको प्रयोगको फाइदा बेफाइदा र विधिको जानकारी गराउने साथै भावी जीवन सम्पन्न,सुखी बन्नका लागि बचतको अवधारणाको बारेमा जानकारी गराइने छ।

- संस्थाको कार्यविधि तयारी सन्दर्भमा वृहत भेला/विस्तारीत मञ्च संचालन गर्ने।
- सदस्यहरुको लागत सहभागितामा १ दिने शेयर सदस्य परीचय तथा बनभोज कार्यक्रम गर्ने।

| क्र.सं. | कार्यक्रम हुने स्थान | कहिले सम्म | संयोजन | सहकार्य | कूल सहभागी संख्या | तालिम अवधी |
|---|---|---|---|---|---|---|
| १. | सदस्यहरुलाइ वित्तिय साक्षरता तथा विस्तारीत मञ्च कार्यक्रम | आ.व. २०८२/०८३ भित्र | संचालक समिति | व्यवस्थापन | १००/१०० जना परिवारको मुख्य जिम्मेवार महिला सदस्यहरु | १/१ दिन |
| २. | लागत सहभागिता आधारमा शेयर सदस्यलाई बनभोज | वैशाख महिना भित्र | शिक्षा उपसमिति | संचालक समिति | ऋणी लघु वित्त समुह लाई प्राथमिकता दिइनेछ। | १दिन |

२.१ **नियमीत सदस्य शिक्षा कार्याक्रम** :

सदस्यमा हाल विद्यमान रहेका सदस्यहरु मध्ये संस्थाको कार्यक्रमहरुको बारेमा जानकारी नपाएका साथै संस्थामा लामो समय देखी कारोबार नगरी निस्कृय बसेका सदस्यहरुलाई र यस वर्ष थप भएका नयाँ सदस्यहरुलाई संस्थाको बारेमा जानकारी गराउने तथा सबै नयाँ योजना तथा कार्यक्रमहरुमा सहभागीहरु गराउने उद्देश्यका साथ सदस्य शिक्षा कार्यक्रम नियमित रुपमा संचालन गरिनेछ।

- सदस्यहरुको लागत सहभागितामा ३ दिन २ रातको शेयर सदस्य अवलोकन भ्रमण गर्ने।
- शिक्षा उपसमितिको पहलमा व्यवस्थापन बाट लघु वित्त समुहमा सहकारी शिक्षा कार्यक्रम गर्ने।

| क्र. स | कार्यक्रम | कहिले सम्म | संयोजन | सहकार्य | कूल सहभागी संख्या | तालिम अवधी |
|---|---|---|---|---|---|---|
| १ | सदस्य शिक्षा कार्यक्रम( संस्थाको कार्यविधि तयारी र सुझाव संकलन) | प्रत्येक महिना (शिक्षा उपसमितिले क्यालेन्डर बनाई गर्ने) | शिक्षा उप समिति | व्यवस्थापन | एउटा कार्यक्रममा २५ जना सहभागी हुने गरी | ३ घण्टा |
| २ | सदस्य सहकारी भ्रमण | माघ, फागुन र चैत्र | सचिव | सदस्यहरु | ५०-६० जना/ ३ स्थानमा | ३ दिन |

२.२ **युवा सदस्यहरुको लागि उद्यमशिलता विकास तालिम :**

सदस्यहरुलाई संस्थाको पूँजिको परिचालन गरि उद्यमशिलताको माध्यमबाट गरिवी न्यूनीकरण तथा स्वरोजगार मार्फत आत्मनिर्भर बन्नका लागि विभिन्न उद्यमशिलताका कार्यक्रमहरुको आयोजनाका गरिनेछ जसका लागि स्थानीय स्तरका संघ संस्था तथा स्थानीय तहका सरकार संग समन्वय गरि कार्यक्रमलाई मितव्ययी तथा प्रभावकारी बनाइनेछ। उद्यमीहरुको पहिचान र छनौटका लागि एक कार्यविधि तयार गरि युवा परिचालन तथा महिला परिचालन उपसमितिको संयोजनमा यो कार्यक्रम सम्पन्न गरिने छ।

| क्र. स | उद्यमशिल कार्यक्रमहरु | उपलब्ध सुविधाहरु (उपलब्ध गराउनेमा ठीक चिन्ह लगाउनुहोस) | | | कहिले गर्ने | सहकार्य | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|
| | | सहुलियतपूर्ण ऋण | तालिम | प्राविधिक सहयोग | | | |
| १ | घरेलु उद्योगहरु संचालन कार्यक्रम | √ | | | सदस्यहरुको माग अनुसार | घरेलु उद्योगी सदस्यहरु | संस्थाले |
| २ | कृषि सम्बन्धी तालिमहरु हिउदे मकै बाली | √ | | √ | भाद्र महिना भित्र | अगिल्लो तालिममा सहभागि नभएका सदस्य (२५ जना) | लघु वित्त उपसमिति |
| ३ | गाईको गोबर बाट दियो बनाउने । मागमा आधारीत | √ | √ | √ | फागुन महिनामा- गाई पालक कृषक सदस्यहरु) | अगिल्लो तालिममा सहभागि नभएका सदस्य (२५ जना) | उपसमिति |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | आपको अचार/ माडा बनाउने तालिम मागमा आधारीत | √ | √ | √ | जेठ महिना भित्र (फलफुल) | अगिल्लो तालिममा सहभागि नभएका सदस्य (२५ जना) | उपसमिति |

**२.३ विपन्न सदस्य उत्थान कार्यक्रम :**

संस्थामा आवद्ध विपन्न परिवारको उत्थानका लागि संस्थाले सीप विकास कार्यक्रममा सहभागीताका लागि प्राथमिकतामा राख्नेछ र तालिम पश्चात बिना धितो उद्यम विकासका लागि न्यूनतम ब्याजमा साना ऋणहरुको व्यवस्था गर्नेछ। यसबाट आगामी वर्ष देखि सहकारी मार्फत गरिबी निवारणमा प्रत्यक्ष सहयोग पुग्नेछ भने सहकारी मार्फत जीवनस्तर परिवर्तन भएका परिवारहरुको आगामी वर्षदेखि **सफलताका कथाहरु बुलेटिन तथा छोटा श्रव्यदृश्य सामाग्री मार्फत प्रकाशन र प्रशारण गरिनेछ।**

| क्र. सं. | कार्यक्रमको नाम | लक्षित समूह | लक्षित संख्या | सेवा तथा सुरक्षा कार्यक्रम | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | सुरक्षण | ऋण रकम | तालिम | विमा |
| १ | उद्यमीको खोजी कार्यक्रम | तालिममा सहभागि | १० जना | सहुलियत विना धितो ऋण | ५०,००० | निशुल्क सीप विकास तालिम | ऋण विमा निशुल्क |

**२.४ उत्पादन बजारीकरण सहयोग कार्यक्रम :**

संस्थाका सदस्यहरुले गरेको उत्पादनहरुलाइ्र बजारीकरणका लागि आवश्यक समन्वय र बजार व्यवस्थापनका लागि संस्थाको तर्फबाट स्थानिय सरकार, प्रदेश सरकार वा संघिय सरकार वा बजार व्यवस्थापन समितिहरुसंग समन्वय र पुलको काम गरी सदस्यहरुको कृषि उत्पादन तथा साना उद्योगबाट उत्पादित वस्तुहरुको बजारीकरणमा सहयोग गरिनेछ।

| क्र.सं. | कार्यक्रम | कहिले गर्ने ? | कसले गर्ने | कैफियत |
|---|---|---|---|---|
| १ | बजार व्यवस्थापन समिति तथा उद्यमी सदस्य विच छलफल | प्रत्यैक त्रैमासिक | संचालक समिति | कृष्णचोक हाटबजार संचालन गर्न |
| २ | कृषक तथा तरकारी तथा फलफुल बजार विच छलफल | अर्धबार्षिक | संचालक समिति | कृष्णचोक हाटबजार संचालन गर्न |

**२.५ सदस्य सेवा र सुरक्षा कार्यक्रम :**

संस्थासंग कारोवार गर्ने सदस्यहरुको दुःख सुखको साथीको रुपमा सहकारी संस्थालाई स्थापित गराउनका लागि संस्थाबाट देहायएका कृयाकलापहरु सञ्चालन गरिनेछ।

| क्र. सं. | कार्यक्रम | कहिले गर्ने | सहकार्य | शुल्क कसले व्यहोर्ने | जिम्मेवारी |
|---|---|---|---|---|---|
| १ | सदस्य दुर्घटना विमा कार्यक्रम | सदस्यको माग अनुसार | विमा कम्पनी | सदस्यको लागत सहभागितामा | व्यवस्थापन |
| २ | सदस्य स्वास्थ्य विमा कार्यक्रम | सदस्यको माग अनुसार | विमा कम्पनी | मासिक बचत/आवधिक बचत | व्यवस्थापन |
| ३ | चिसो तथा तातो पानीको व्यवस्था | श्रावन | मेसिन खरिद | संस्था विकास कोष | संचालक |
| ४ | मृत्यु राहत | श्रावन | संचालक | राहत कोष संचालक कार्यविधि अनुसार | व्यवस्थापन |

२.६ **सदस्य, कर्मचारी समान तथा प्रोत्साहन कार्यक्रम :**

संस्थाका असल मालिक नै संस्थाका दिगो शेयर सदस्य भएकाले संस्थाले उहाँहरुको कारोवारको आधारमा सम्मान र पुरस्कार दिनका लागि **विशेष कार्यविधिमा** रहेर गर्नेछ। साथै दिनरात नभनि आफ्नो कर्मथलो र आफुले पाएको कामको जिम्बेवारी बहान गर्ने कर्मचारी लाई बार्षिक रुपमा केहि रकम सहित प्रमाणपत्रले सम्मान गर्नेछ।

| क्र.सं. | सदस्य सम्मान कार्यक्रम | कहिले गर्ने ? | सहकार्य | जिम्मेवारी |
|---|---|---|---|---|
| १. | बचत तथा ऋण सेवा र एसइइ | साधारण सभा | संचालक समिति | संचालक समिति |
| २. | उत्कृष्ठ कर्मचारी | स्थापना दिवश/ मासिक रुपमा | संस्थाको वृहत्तर बृद्धिका लागि | अध्यक्ष/सचिव |
| ३ | सुत्केरी भेटघाट | नियमित मासिक ८ गते | व्यवस्थापन | महिला उपसमिति |
| ४ | उत्कृष्ट कारोवारी | हरेक महिनाको १ जनालाई | व्यवस्थापन | संचालक समितिले तोकेका व्यक्ति |
| ५. | उत्कृष्ट संचालक प्रोत्साहन कार्यक्रम | मासिक नियमित बैठक | शेयर सदस्य वृद्धि अभियान | संचालक समिति |

३. **सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यक्रम :**

३.१ **सामाजिक कार्यक्रम**

समुदाय प्रति चासो सहकारीको एक सिद्धान्त हो। यस सिद्धान्तलाई आत्मसाथ गर्दै समुदायको लागि केही गर्नु पर्दछ भन्ने उद्देश्यका साथ संस्थाले देहाए बमोजिमका कार्यक्रमहरु संचालन गर्नेछ।

| क्र.सं. | कार्यक्रमको नाम | कहिले गर्ने ? | सहकार्य | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | संस्थापक सदस्य, जेष्ठ सदस्यहरु व्यक्तिहरुलाई सम्मान गर्ने | जेष्ठ नागरिक दिवश अवसर पारेर | संस्था आफै | संचालक समिति |
| २ | रक्तदान कार्यक्रम | मंसिर/माघ | नेपाल रेडक्रस सोसाईटी | व्यवस्थापन |
| ३ | तीज विशेष कार्यक्रम | भाद्र महिनामा | टोल विकास र महिला सदस्य | महिला विकास उ.स. |
| ४ | स्वास्थ्य शिविर | स्थापना दिवश | अस्पतालसंग | व्यवस्थापन |
| ५ | लागु औषधी सम्वन्धि जनचेतना कार्यक्रम | फागुन र चैत्र २ ओटा | विद्यालय | व्यवस्थापन |
| ६ | बिद्यालय स्तरीय सहकारी शिक्षा र वित्तिय साक्षरता कार्यक्रम | माघ र फागुन | कार्यक्षेत्र भित्रका कम्तीमा २ ओटा सरकारी विद्यालय | व्यवस्थापन |

**मासिक रुपका कसरी गर्ने सो विवरण तल रहेको छ।**

### ३.२ सामाजिक /संस्कृती संरक्षण कार्यक्रम

संस्कृती संरक्षणमा सहकारीको भूमिका र उपस्थितीको लागि कार्यक्षेत्र भित्र भएका देहाएका मठमन्दिरहरु संस्थाको तर्फबाट देहाए बमोजिम सरसफाई गरी संस्कृती संरक्षणमा सहयोगी भूमिका खेलिनेछ।

| क्र.सं. | मठ मन्दिरको नाम | कहिले गर्ने ? | सहकार्य | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | संस्थाको कार्यक्षत्रका कम्तीमा २ ओटा मठमन्दिर | शिवरात्रि र विशेष पुजा भन्दा अगाडी | स्थानीय क्लव, सम्वन्धित सामाजीक संस्था, धार्मिक संघसंस्था | संस्था विकास उ.सं. |
| २ | संस्थाको कार्यक्षत्रका कम्तीमा २ ओटा गुम्बा,चर्च | पर्व भन्दा अगाडी | स्थानीय क्लव, सम्बन्धित सामाजीक संस्था, धार्मिक संघसंस्था | संस्था विकास उ.सं. |
| ३ | **टोल सरसफाई कार्यक्रम** | आवश्यकता अनुसार | टोल विकास संस्थाहरु | संचालक समिति |

### ३.३ वातावरण कार्यक्रम

| क्र.स | कार्यक्रम | कहिले गर्ने ? | सहकार्य | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | संस्था रहेको बजारमा सरसफाई कार्यक्रम | विश्व वातावरण दिवश पारेर | व्यवसायिक सदस्यहरु | सञ्चालक समिति |

| | | | | |
|---|---|---|---|---|
| २ | तरकारी विउ/ विरुवा वितरण | वैशाख महिना | कृषि ज्ञान केन्द्र र नजिकका भेटनरी पसल | सञ्चालक समिति |
| ३ | वृक्षारोपण कार्यक्रम | जेठ/असार महिना | | संचालक समिति |

३.४ **विद्यार्थी/विद्यालय संग सजिलो साकोस**

| क्र.स | कार्यक्रम | कहिले गर्ने ? | सहकार्य | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | वित्तिय साक्षरता कार्यक्रम | कार्तिक / माघ | स्थानिय मा.वि. | संचालक समिति |
| २ | स्टेशनरी सहयोग | सेवा केन्द्र स्थापना दिवश पारेर | स्थानिय आ.वि. | सेवा केन्द्र व्यवस्थापन उपसमिति |
| ३ | चित्रकला प्रतियोगिता | कार्तिक/माघ | स्थानिय मा.वि. | संचालक समिति |

शेयर सदस्य साथीहरु हामीले आ.व. २०८१।०८२ मा भाखा नाघेको ऋण करिव ७८% थियो । त्यसलाई घटाएर ४.१४% मा झार्न सफल भयौँ । नेपालका क वर्ग ख वर्गका बैंकहरु मुनाफा बाड्न नसके को अवस्थामा हामीले ११% मुनाफा वितरण गर्न सफल भएका थियौँ । त्यसका लागि लगानी गरिएको ऋण भाखा नाघिरहेको अवस्थामा तपाई हामीहरुले दुःख गरेर जम्मा गरेको रकम कसरी उठाउने भन्ने सन्दर्भमा सञ्चालक समितिको बैठकले केही ऋणी साथीहरुलाई समयमा ऋण किस्ता व्याज भुक्तानी गर्न आउन भन्दै राष्ट्रिय दैनिक पत्रिकामा नाम निकालेर आव्हान गरेका थियौँ । सबै ऋणी साथीहरुले हाम्रो आव्हानलाई आत्मसात गरेर नियमित हुनुभयो । उहाँहरुलाई धन्यवाद ज्ञापन गर्दछौँ । भोलिका दिन पनि यस्तै भाखा नाघे मा हामीले जस्तोसुकै परिस्थिति आए पनि तपाईँ हाम्रो शेयर रकमको सुरक्षाका लागि नियम सम्वत किसिमले जस्तोसुकै कार्य पनि गर्नेछौँ ।

आदरणीय शेयर सदस्य महानुभावज्यूहरु संस्थाले स्तरियता कायम गर्न यसले लिने रणनीतिहरु, शेयर सदस्यहरुको सक्रिय सहभागिता, कुशल व्यवस्थापकीय पक्ष, पारदर्शी एवं उत्तरदायी सञ्चालक, निर्दिष्ट निती एवं कार्यविधि विधानको समयअनुकूल पुनरावलोकन र समिक्षा एवं यसका प्रभाबकारी कार्यान्वयन आदि अन्तरबस्तुको महत्वपूर्ण भुमिका रहने तथ्य जगजाहेर छ। अब अन्त्यमा यस सजिलो बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १४ औं वार्षिक साधारणसभामा उपस्थित प्रमुख एबम विशिष्ट अतिथिज्युहरु, अन्य अतिथिगणहरु, विभिन्न समिति तथा उपसमितिका पदाधिकारी एबम सदस्यज्युहरु, यस हजुर हाम्रो संस्थाको उन्नति र प्रगतिका लागि बिगतदेखि अहिले सम्म अहोरात्र खट्नुहुने सेयर सदस्यज्यूहरुलाई आगामी दिनहरुमा पनि यहाँहरुको सहयोग सद्भावको अपेक्षा गर्दै हामिलाई अझ उर्जावान बनाउनका लागि पर्नु हुनेछ भन्ने कामना गर्दै आगामी पर्वहरुको पुनः हार्दिक शुभकामना ब्यक्त गर्दै विदा हुन्छु ।

धन्यवाद ! जय सहकारी ! जय सजिलो !

**कर्णबहादुर बिश्वकर्मा**
सचिव
सजिलो बचत तथा ऋण सहकारी संस्था लि.

# आ.व. २०८१।०८२ को आर्थिक प्रतिवेदन तथा २०८२।०८३ को प्रस्तावित बजेट

## प्रस्तावित बजेट



**मनोज पुडासैनी**
कोषाध्यक्ष

यस सजिलो बचत तथा ऋण सहकारी संस्था लि. को १४ औं साधारण सभाका श्रद्धेय सभाध्यक्ष महोदय, कार्यक्रमका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्यू, संचालक समितिका पदाधिकारीज्यूहरु, लेखा सुपरिवेक्षण समिति, सल्लाहकार समिति, विभिन्न उपसमितिका संयोजक एवम् सदस्य साथीहरु, संस्थापक अध्यक्षज्यू, संस्थाका कर्मचारी एवं पत्रकारज्यूहरु साथै यस गरिमामय साधारण सभामा उपस्थित आदरणीय शेयरधनी सदस्यज्यूहरु सर्वप्रथम संस्थाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट सहकारी नमस्कार टक्र्याउँछु ।

संस्थाको तिन वर्षे वार्षिक रणनीतिक योजना वार्षिक प्रस्तावित बजेट, संस्थाले अनुसरण गरेको प्रोवेशन कार्यक्रम, कुशल संचालक सक्रिय विभिन्न उपसमितिहरु र सक्रिय सदस्यको सक्रियता, प्रविधिमैत्री कार्यालय सञ्चालन र अनुशासित कर्मचारीको लगनशिलताको अथक प्रयासबाट संस्थाको कार्यसम्पादन गरिरहँदा अहिले विश्वमा देखा परेको आर्थिक मन्दिले लक्ष्य अनुरुप कार्य सम्पादन गर्न सकेनौं । यसका लागि हामी क्षमाप्रार्थी छौं ।

संस्थाले शेयर सदस्यहरुलाई प्रमुख प्राथमिकतामा राखी सेवाको उत्पादन गर्दै सेवा प्रदान गरी अधिकतम मुनाफा आर्जन गरेर संस्थालाई दर्बिलो बनाउँदै सदस्यहरुको योगदानको आधारमा लाभांश बाँड्ने योजना अगाडि बढाएको छ । साथै संस्थाले सहकारी नीतिहरु तय गरी सोहीअनुसार संस्था सञ्चालन गर्ने प्रयास गरिरहेको छ । संस्थाप्रति सम्पूर्ण सदस्यहरुले समयसमयमा आवश्यक सल्लाह र सुझाव दिए बमोजिम कारोबार गर्नु भएकोले सम्पूर्णमा धन्यवाद दिन चाहन्छौं ।

| क्र.सं. | शीर्षक | आ.व. ०८०।८१ को यर्थाथ | आ.व. २०८१।८२ को यर्थाथ |
|---|---|---|---|
| १ | संदस्य संख्यामा वृद्धि | १९४५ | १९६४ |
| २ | कुल सम्पती | १९८३६०५५३ | २१४५२३६९३ |
| ३ | कुल शेयर पुजी | २५९०६१०० | २५९००८०० |
| ४ | कुल ऋण लगानी | १४५९६३२६२ | १५१४१०७६५ |
| ५ | कुल बचत निक्षप | १४९४३४५८४ | १६३१७८८१ |
| ६ | कुल बाह्य ऋण | १०००००० | ० |
| ७ | कुल संस्थागत पुजी | ९३०१४३७ | ११७१५०२५ |
| ८ | कुल स्थीर सम्पती | १५५५००९२ | १६१९८१३७ |
| ९ | कुल वित्तिय लगानी | १९१००३४ | २१०२०५७ |

## अनुमानित आयव्यय विवरण

| क्षेत्र | आय विवरण | अनुमानित |
|---|---|---|
| वित्तिय लगानीबाट आम्दानी | शेयर लगानीबाट आम्दानी | ६६००० |
| | बचतमा लगानी आम्दानी (बैंक व्याज) | १२५००० |
| | बचतमा लगानी आम्दानी (संघहरुको व्याज) | ११५००० |
| | नियमित बचत लगानी आम्दानी (संघहरुको व्याज) | १५००० |
| | अन्य बचत लगानी आम्दानी (संघहरुको व्याज) | ५००० |
| ऋण लगानीबाट आम्दानी | ऋण लगानीबाट आम्दानी | २५०००००० |
| | ऋण व्यवस्थापन शुल्क | ४८३००० |
| | थप व्याज आम्दानी | ४५०००० |
| | लघु वित्त समुह परीचालन आम्दानी | ३७००० |
| सेवा सञ्चालनबाट आम्दानी | विजुलि र पानीको विल भुक्तानी शुल्क | ८०००० |
| | सजिलो एप तथा एस.एम.एस सेवा सुचारु शुल्क | १०००० |
| | विभिन्न रिचार्ज गर्दा आम्दानी | १००० |
| | रेमिट कमिशन आम्दानी | १७०००० |
| बिक्रिबाट आम्दानी | पासबुक बिक्री आम्दानी | १००० |
| | ऋण माग फारम | १५००० |
| | शेयर प्रमाणपत्र | ३०००० |
| | खाता बन्द शुल्क | १५००० |
| अन्य आम्दानी | अन्य आम्दानी | ५०००० |
| | सदस्यता प्रवेश शुल्क | ३०२०० |
| | फिल्ड निरिक्षण शुल्क | २५००० |
| | छुट तथा कमिशन | ० |
| ऋण जोखिम व्यवस्थाबाट आम्दानी | ऋण जोखिम कोष आम्दानी | ३५००००० |
| जम्मा कूल आम्दानी | | ३०२२३२०० |

## व्यय विवरण

| क्षेत्र | विवरण | अनुमानित |
|---|---|---|
| कर्मचारी खर्च | तलब र ज्याला | १९३६००० |
| | कर्मचारी पोशाक खर्च | १०५००० |
| | पर्व (दशैं) खर्च | १४०००० |
| | संचित विदा कोष | १४०००० |
| | उपदान कोष | २४५००० |
| | यातायात खर्च | १००००० |
| | अतिरिक्त समय सेवा सञ्चालन खर्च | २००००० |
| | बीमा खर्च | १४००० |
| कार्यक्रमीक खर्च | संचालन क्षमता विकास योजना | ४२७००० |
| | सामाजीक उत्तरदायीत्व योजना | ९१२००० |
| | सदस्यको क्षमता विकास योजना | ६२९००० |
| | कर्मचारीहरुको क्षमता विकास योजना | ९७००० |
| प्रशासनिक खर्च | विजुली तथा सोलार खर्च | १८०००० |
| | पानी तथा सरसफाई | ४५००० |
| | बैंक शुल्क | ५००० |
| | मसलन्द तथा छपाई | ४२५००० |
| | सूचना तथा संचार | ८०००० |
| | भाडा खर्च | ५०००० |
| | लेखापरीक्षण शुल्क | १००००० |
| | लेखापरीक्षण खर्च | ५०००० |
| | मर्मत तथा संभार | १५०००० |
| | इन्धन खर्च | १००००० |
| | बैठक संचालन खर्च | ५२१७०० |
| | दर्ता नविकरण तथा अन्य कर | ३५००० |
| | सम्मान तथा पुरस्कार | २५००० |

| क्षेत्र | विवरण | अनुमानित |
|---|---|---|
| | चाडपर्व विषेश उपहार तथा शुभकामना | १००००० |
| | साधारण सभा तथा विस्तारित मञ्च | १०३५००० |
| | उत्सव तथा प्रोत्साहन खर्च | १००००० |
| | विमा खर्च | ८०००० |
| | अतिथी सत्कार खर्च | ४२२५० |
| | बजारीकरण तथा प्रर्वद्धन खर्च | ८०००० |
| | वाह्य ऋण प्रकृयागत खर्च | १००००० |
| | सफ्टवेर नविकरण तथा डाटा हौस्टींग खर्च | १५०००० |
| | ह्रास खर्च | ८५०००० |
| वित्तिय खर्च | बचतमा तिरेको ब्याज | १५०००००० |
| | ब्याज छुट खर्च | ३००००० |
| | ऋणमा तिरेको ब्याज | १२०००० |
| व्यवस्थाहरु | ऋण जोखिम कोष खर्च | ५००००० |
| | लगानी नोक्शानी व्यवस्था खर्च | ५०००० |
| जम्मा कूल खर्च | | २५२१८९५० |
| कूल नाफा = कूल आम्दानी-कूल खर्च | | ५००४२५० |
| शुद्ध मुनाफा | | ५००४२५० |
| कर व्यवस्था | | १०००८५० |
| बाडफाड योग्य बचत | | ४००३४०० |

**Bikram & Associates**
**Registered Auditor**
**C.O.P.No. 2581**
**बिक्रम एण्ड एसोसिएट्स**
Address: Bharatpur-05, Chitwan, Nepal
PAN No. 301711128

मिति :- २०८२/०७/१९

## सजिलो बचत तथा ऋण सहकारी संस्था लि. का सेयर सदस्यहरु समक्ष प्रस्तुत वित्तीय विवरण उपरस्वतन्त्र लेखा परिक्षकको प्रतिवेदन

हामीले **सजिलो बचत तथा ऋण सहकारी संस्था लि.** को (यस पछि "सहकारी संस्था" भनिएको यसै साथ संलग्न २०८२ आषाढ ३२ मितिको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाडंफांड हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु (यस पछि समग्रमा वित्तीय विवरणहरु भनिएको ) लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा र हामीले पाएको अधिकतम जानकारी तथा हामीलाई दिईएको स्पष्टीकरणहरु बमोजिम माथि उल्लेखित वित्तीय विवरणहरुले सारभूत रुपमा संस्थाको मिति २०८२ आषाढ ३२ को वित्तीय अवस्था तथा सो मितिमा अन्त्य भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नाफा नोक्सान बांडफांड हिसाब, नगद प्रवाह विवरण इक्विटीमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु प्रचलित कानूनका अधिनमा रही सहकारी ऐन २०७४ सहकारी नियमावली २०७५ अनुरुप यथार्थ चित्रण गर्दछ।

### मन्तव्यको आधार

हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान बमोजिम सम्पन्न गरेका छौं । ती मान बमोजिम हाम्रो जिम्मेवारी यसै प्रतिवेदनको "वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व" शीर्षक अन्तर्गत थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स सस्थाद्धारा जारी गरेको "द हयाण्ड् बुक अफ द कोड अफ इथिक्स् फोर फ्रोफेसनल एकाउन्टेन्ट्स (The Handbook of the Code of Ethics for Professional Accountants) बमोजिम हामी कम्पनीसंग स्वतन्त्र छौं र हामीले सो हयाण्डबुक बमोजिमको अन्य नैतिक दायित्वको पालना गरेका छौं । हाम्रो लेखापरीक्षण प्रमाणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

### वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकाको उत्तरदायित्व

सहकारी ऐन २०७४ सहकारी नियमावली २०७५ अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयारी एवम् प्रस्तुत गर्ने तथा चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत रुपमा त्रुटीरहित वित्तीय विवरण तयार गर्ने सम्बन्धि आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । वित्तिय विवरण तयार गर्दा व्यवस्थापनलाई "सहकारी संस्था विघटन गर्ने, संचालन बन्द गर्ने वा सो बाहेक व्यवहारिक वैकल्पिक विकल्प नभएको अवस्थामा बाहेक, संस्था निरन्तर संचालन हुने क्षमताको मूल्याङ्कन गर्ने, आवश्यक बमोजिम खुलासा गर्ने र निरन्तर संचालनमा आधारित लेखा नीति प्रयोग गरि वित्तीय विवरण तयार गर्ने जिम्मेवारी "सहकारी संस्था को

व्यवस्थापनमा रहेको छ ।संचालक समिति "सहकारी संस्था को वित्तीय सम्प्रेषण प्रकियाको रेखादेखाको लागि जिम्मेवारी छ ।

**वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व**

वित्तीय विवरणहरु सम्पूर्ण रुपमा चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत रुपमा त्रुटिरहित छन वा छैनन भन्नेबारे उचित आश्वस्त्ता प्राप्त गर्नु र हाम्रो राय समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हाम्रो उद्देश्य हो । उचित आश्वस्तता एक उच्च स्तरीय आश्वस्तता भएतापनि सारभूत त्रुटीहरु विद्यमान रहेको अवस्थामा समेत लेखापरीक्षणमान अनुरुपै गरिएको लेखापरीक्षणमा समेत उक्त सारभूत त्रुटीहरु सधैं पहिचान हुन्छन भन्ने आश्वस्तता रहदैन । गलत प्रस्तुति, जालसाजी वा त्रुटीबाट उत्पन्न हुन सक्दछन् र ती प्रस्तूतिहरुले वित्तिय विवरणको आधारमा प्रयोगकर्ताहरुले लिने आर्थिक निर्णयहरुलाई अलग अलग वा समग्ररुपमा प्रभाव पार्न सक्ने उचित अपेक्षा गरिन्छ भन्ने, उक्त गलत प्रस्तुतिलाई सारभुत रुपमा गलत प्रस्तुति भनिन्छ ।

नेपाल लेखापरीक्षणमान अनुरुप लेखापरीक्षणको कममा हामी व्यवसायीक सन्देह कायम राखी पेशागत निर्णयको अभ्यास गर्दछौं । कमश हामीले :

- वित्तिय विवरणमा जालसाजी वा त्रुटीबाट हुन सक्ने सारभूत गलत प्रस्तुतिहरुको जोखिम पहिचान तथा मुल्याङ्कन गरी ती जोखिमहरुको लागि प्रभावकारी लेखापरीक्षण प्रकियाहरु तर्जुमा गरि हाम्रो मन्तव्य प्रदान गर्ने आधारको लागि पर्याप्त तथा उचित लेखापरीक्षण प्रमाण संकलन गर्दछौं । मिलिभगत, ठगी, जानाजानी चूक, गलत प्रतिनिधित्व वा आन्तरिक नियन्त्रण प्रणलीको मिचाई समावेश हुने भएकोले गल्तीहरु भन्दा जालसाजीबाट हुने सारभूत गलत प्रस्तुतिहरुको पहिचान नलाग्ने जोखीम अधिक रहन्छ ।
- सहकारी संस्था को आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता सम्वन्धि राय व्यक्त गर्ने उद्देश्य नभई, लेखापरीक्षण प्रकियाहरु तर्जुमा गर्नका लागि लेखापरीक्षणमा प्रासगिंक हुने सहकारी संस्था को आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गर्दछौं ।
- व्यवस्थापनले प्रयोग गरेका लेखा नीतिहरुको औचित्य, लेखा अनुमानको व्यावहारिकता तथा लेखा सम्बन्धि खुलासाहरुको मूल्याङ्कन गर्दछौं ।
- व्यवस्थापनले प्रयोग गरेको व्यवसायको निरन्तरतामा आधारित लेखा नीतिको औचित्यता तथा प्राप्त लेखापरीक्षण प्रमाणको आधारमा कुनै घटना वा अवस्थाहरुसंग सम्बन्धित सारभूत अनिश्चितताको कारणले सहकारी संस्था को व्यवसायीक निरन्तरताको क्षमतामा उल्लेख्य शङ्का उत्पन्न गर्न सक्ने अवस्थामा तथा यदि हामीले सारभूत अनिश्चितता रहेको निष्कर्ष निकालेमा, लेखापरीक्षण प्रतिवेदनमा वित्तीय विवरणको सम्बन्धित खुलासा उपर ध्यानाकृष्ट गर्नुपर्दछ वा यदि ती खुलासा अपर्याप्त भएमा, हाम्रो राय परिमार्जन गर्नुपर्दछ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन मिति सम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित रहेको हुन्छ । तथापी भविष्यका घटना तथा अवस्थाहरुले सहकारी संस्था अविच्छिन्न निकायको रुपमा नरहन सक्दछ ।
- वित्तीय विवरणको समग्र प्रस्तुतीकरण ढांचा र खुलासा सहितको विषयवस्तु तथा अन्तर्निहित कारोवार एवंम घटनाहरुलाई वित्तीय विवरणमा निष्पक्ष रुपमा प्रस्तुतिकरण गरे नगरेको मूल्याङ्कन गर्दछौं । हामीले वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकोहरुलाई अन्य विषयका अतिरिक्त, लेखापरीक्षण कार्ययोजना, समय तालिका र महत्वपूर्ण लेखापरीक्षण खोजहरु लगायत सहकारी संस्था को आन्तरिक नियन्त्रण प्रणालीमा रहेको महत्वपूर्ण कमी कमजोरीहरुको जानकारी गराउँदछौं ।

शुशासनको जिम्मेवारी बहन गरेकाहरुलाई प्रासंगिक नैतिक आवश्यकताहरु पालना गरेको जानकारी सहितको विवरण र हाम्रो स्वतन्त्रतामा उल्लेख्य प्रभाव पार्न सक्ने मानिएका सबै सम्बन्ध तथा अन्य कुराहरु साथै सो सम्बन्धि प्रतिरोध बारेमा समेत जानकारी गराउंदछौं ।

Bhattarai & Associates
Registered Auditor
Firm Registration No.: 2233
Bharatpur-5, Chitwan

(क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना तथा स्पष्टीकरणहरु पाएका छौं ।

(ख) हामीले लेखापरीक्षणमा गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा, सहकारी संस्था को हिसाब किताब ऐन बमोजिम ठीकसंग राखिएको छ ।

(ग) यो प्रतिवेदनसंग सम्बन्धित संलग्न वासलात, आय विवरण, नाफा नोक्सान हिसाब, स्वामित्व अंशमा भएको परिवर्तन विवरण, नगद प्रवाह विवरण र संलग्न अनूसूचिहरु तोकेको ढांचा र तरिका अनुसार तयार गरिनुका साथै सहकारी संस्था ले राखेको हिसाब किताब, बही खाता, श्रेस्ता र लेखासंग दुरुस्त रहेका छन् ।

(घ) हामीले लेखा परिक्षणको समयमा सहकारी संस्थाको संचालक समिति वा कुनै प्रतिनिधि वा कुनै कर्मचारीले प्रचलित कानून विपरित कुनै कार्य गरेको वा सहकारी संस्था को सम्पत्ति हिनामिना गरेको वा सहकारी संस्था को हानी नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन ।

Bikram & Associates, Registered Auditor, RA 6050, Firm Registration No.: 1283, Bharatpur-5, Chitwan

**बिकम एण्ड एसोसिएट्स**

लेखापरीक्षक

स्थानः- भ.म.न.पा.-०५, चितवन

UDIN: 251118RA06050xDQw3

**सजिलो बचत तथा ऋण सहकारी संस्था लि.**
**भरतपुर.२३ , कृष्णचोक चितवन**
**वित्तीय विवरणको स्थिती (वासलात)**
**आषाढ ३२, २०८२ को**

| पूँजी तथा दायित्व | अनुसूची | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|---|
| शेयर पूँजी | १ | २५,९००,८०० | २५,९०६,१०० |
| कोष हिसाब | २ | ११,७१५,०२५ | ९,३९४,९२८ |
| बचत तथा निक्षेप | ३ | १६३,१४७,८८१ | १४९,४३४,५८४ |
| बाह्य ऋण तथा सापटी | ४ | - | १,०००,००० |
| पुंजीगत अनुदान | ५ | - | - |
| चालु दायित्व तथा व्यवस्था | ६ | ५,२१४,९६० | ४,५५५,३५० |
| कर्जा नोक्सानी व्यवस्था | १३.२ | ७,९६५,००० | ७,९६५,००० |
| कर दायित्व | ७ | ५८०,०२४ | १०४,५९० |
| दिर्घकालिन दायित्व | ८ | - | - |
| स्थगन कर दायित्व | ९ | - | - |
| **कुल पूँजी तथा दायित्व** | | २१४,५२३,६९२ | १९८,३६०,५५३ |
| | | | |
| **सम्पत्ति** | **अनुसूची** | **३२ आषाढ २०८२** | **३१ आषाढ २०८१** |
| नगद मौज्दात | १० | ५६१,७९५ | ४४५,५८७. |
| बैंक मौज्दात | ११ | ३६,०६०,९४५ | २२,९३५,३४३ |
| लगानी हिसाब | १२ | २,१०२,०५७ | १,९१०,०३४ |
| कर्जा तथा सापट लगानी | १३ | १५१,४१०,७६५ | १४५,९६३,२६२ |
| चालु सम्पत्ती | १४ | ८,१८९,९९४ | ११,५५६,२३५ |
| स्थीर सम्पत्ती | १५ | १६,१९८,१३७ | १५,५५०,०९२ |
| **कुल सम्पत्ति** | | २१४,५२३,६९२ | १९८,३६०,५५२ |

महत्वपूर्ण लेखा सिद्धान्त, नीति तथा लेखा टिप्पणी २२
अनुसूची १ - १५ र २२ वित्तिय विवरणको स्थितिको अभिन्न अंग रहने

**संलग्न मितिको रिपोर्ट अनुसार**

प्रमुख कार्यकारी अधिकृत | कोषाध्यक्ष | सचिव | अध्यक्ष | लेखापरीक्षक

**सजिलो बचत तथा ऋण सहकारी संस्था लि.**
**भरतपुर.२३ , कृष्णचोक चितवन**
**नाफा नोक्सान हिसाब**
**२०८१ साउन १ गतेदेखि २०८२ असार ३२ सम्म**

| विवरण | अनुसूची | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|---|
| ब्याज आम्दानी | १७ | २२,८८०,२८३ | २२,००१,२०४ |
| ब्याज खर्च | १८ | १६,४५३,२९८ | १८,२३१,६८९ |
| **खुद ब्याज आम्दानी/(खर्च)** | | ६,४२६,९८५ | ३,७६९,५१५ |
| अन्य सञ्चालन आम्दानी | १९ | ३,२०५,२११ | २,९५३,२३० |
| **कुल सञ्चालन आम्दानी** | | ९,६३२,१९६ | ६,७२२,७४६ |
| प्रशासनिक खर्च | २० | ५,९७७,६०३ | ५,५९४,४४७ |
| ह्रासकट्टी खर्च | १५.१ | ७५४,४७१ | १७९,७७९ |
| **संभावित नोक्सानी व्यवस्था अधिको सञ्चालन मुनाफा/(नोक्सान)** | | २,९००,१२२ | ९४८,५२० |
| सम्भावित कर्जा नोक्सानी व्यवस्था | २१ | - | ७७३,०२० |
| **सञ्चालन मुनाफा/(नोक्सान)** | | २,९००,१२२ | १७५,५०० |
| गैर सञ्चालन आम्दानी | | - | - |
| सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | | - | - |
| **नियमित कारोबारबाट भएको मुनाफा/(नोक्सान)** | | २,९००,१२२ | १७५,५०० |
| असामान्य कारोबारबाट भएको आम्दानी/(खर्च) | १५.२ | - | - |
| **सम्पूर्ण कारोबार समावेश पछीको खुद मुनाफा/(नोक्सान)** | | २,९००,१२२ | १७५,५०० |
| कर्मचारी बोनस व्यवस्था | | | - |
| **आयकर अधिको नाफा/ नोक्सान** | | २,९००,१२२ | १७५,५०० |
| **आयकर व्यवस्था** | | | |
| यस वर्षको कर व्यवस्था | | ५८०,०२४ | १०४,५९० |
| विगत वर्षसम्मको कर व्यवस्था | | - | - |
| यस वर्षको स्थगन कर आम्दानी/खर्च | | - | - |
| **खुद नाफा/(नोक्सान)** | | २,३२०,०९८ | ७०,९१० |

महत्वपूर्ण लेखा सिद्धान्त, नीति तथा लेखा टिप्पणी २२ **संलग्न मितिको रिपोर्ट अनुसार**
अनुसूची १६ तथा १७ - २२ नाफा वा नोक्सान हिसाबको अभिन्न अंग रहने

प्रमुख कार्यकारी अधिकृत | कोषाध्यक्ष | सचिव | अध्यक्ष | लेखापरीक्षक

Bikram & Associates Registered Auditor RA 6669 Firm Registration No. 1993 Bharatpur-5, Chitwan

## नगद प्रवाह विवरण

२०८१ साउन १ गतेदेखि २०८२ असार ३२ सम्म

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| **सञ्चालन गतिविधिबाट नगद प्रवाह** | | |
| कर पछिको नाफा/नोक्सान | २,३२०,०९८ | ७०,९१० |
| समायोजन | | |
| १. ह्रासकट्टी | ७५४,४७१ | १७९,७७९ |
| २. क्षयिकरण खर्च | | - |
| ३. विभिन्न कोषहरुको समायोजन | - | (५७,४८५) |
| ४. आयकर भुक्तानी | (१०४,५९०) | (२६३,७९९) |
| ५. कर्जा नोक्सानी व्यवस्था | - | ७७३,०२० |
| **सञ्चालन गतिविधिबाट नगद प्रवाह** | **२,९६९,९७९** | **७०२,४२५** |
| **चालु सम्पत्ति तथा दायित्वमा भएको कमी/(वृद्धि)** | | |
| १. बचत/ निक्षेप हिसावमा वृद्धि/(कमि) | १३,७१३,२९७ | १८,००७,१९३ |
| २. अन्य दायित्व तथा व्यवस्थामा वृद्धि/(कमि) | ६५९,६१० | १,०२५,७८६ |
| ३. कर दायित्वमा वृद्धि/(कमि) | ५८०,०२४ | १०४,५९० |
| ४. कर्जा लगानीमा (वृद्धि)/कमि | (५,४४७,५०३) | (१६,७७७,९८७) |
| ५. चालु सम्पत्तिमा (वृद्धि)/कमि | ३,३६६,२४१ | (३,०५७,१६७) |
| **कुल सञ्चालन गतिविधिबाट नगद प्रवाह** | **१५,८४१,६४९** | **४,८४०** |
| | | |
| **ख. लगानी गतीविधीबाट नगद प्रवाह** | | |
| १. शेयर तथा लगानीमा कमि/वृद्धि | (१९२,०२३) | (१३४,६९७) |
| २. स्थीर सम्पत्तीमा कमि/(वृद्धि) | (१,४०२,५१६) | (३,४५३,२२१) |
| ३. दिर्घकालिन सम्पत्तीमा कमि/(वृद्धि) | | - |
| ४. शेयर लगानी बापत प्राप्त आम्दानी | | - |
| **कुल लगानी गतिविधिबाट नगद प्रवाह** | **(१,५९४,५३९)** | **(३,५८७,९१८)** |
| | | |
| **ग. वित्तीय गतिविधिबाट नगद प्रवाह** | | |
| १. शेयर पूंजीमा कमी/वृद्धि | (५,३००) | (१,५३९,६००) |
| २. बाह्य ऋण हिसावमा कमि/वृद्धि | (१,०००,०००) | (८,३७५,०००) |
| **कुल वित्तीय गतिविधिबाट नगद प्रवाह** | **(१,००५,३००)** | **(९,९१४,६००)** |
| | | |
| **घ. कुल गतिविधिबाट नगद प्रवाह (क+ख+ग)** | **१३,२४१,८१०** | **(१३,४९७,६७८)** |
| **ङ. शुरु नगद तथा बैंक मौज्दात** | **२३,३८०,९२८** | **३६,८७८,६०७** |
| **च. अन्तिम नगद तथा बैंक मौज्दात (घ+ङ)** | **३६,६२२,७३८** | **२३,३८०,९२८** |

प्रमुख कार्यकारी अधिकृत | कोषाध्यक्ष | सचिव | अध्यक्ष | लेखापरीक्षक

Bikram & Associates
Registered Auditor
RA 0050
Firm Registration No.: 930
Bharatpur-5, Chitwan

## सजिलो बचत तथा ऋण सहकारी संस्था लि.
## भरतपुर.२३ , कृष्णचोक चितवन
### नाफा नोक्सान बाँडफाँड खाता

| जगेडा | शुरुको व्यवस्था | यस वर्षको व्यवस्था | अन्य कोषबाट सारिएको | एकिकरण संस्थाबाट आएको | यस वर्षको खर्च | अन्तिम मौज्दात |
|---|---|---|---|---|---|---|
| जगेडा तथा कोष | ८,९३३,८४५ | ८१२,०३४ | | - | - | ९,७४५,८७९ |
| सदस्यहरु बाट योगदान | - | - | - | | - | - |
| अन्य कोषहरू बाट रकमान्तर | - | - | - | | - | - |
| **खुद जगेडा तथा कोष** | **८,९३३,८४५** | **८१२,०३४** | - | - | - | **९,७४५,८७९** |
| | | | | | | |
